# OIEC
# समाधान प्रक्रिया २०१८-२०१९

### 1. प्रभावी: अक्टोबर १, २०१८

कोलोराडो विश्वविद्यालय बोल्डरले  जाती, रंग, राष्ट्रिय मूल, लिंग, गर्भावस्था, उमेर, अपांगता, संप्रदाय, धर्म, यौन अभिविन्यास, लैंगिक पहिचान, लैंगिक अभिव्यक्ति, भेटरन पद/हैसियत, राजनैतिक आबद्धता वा राजनैतिक सिद्धान्त का आधारमा आफ्नो शैक्षिक कार्यक्रम र क्रियाकलापमा प्रवेश र पहुँच, उपचार तथा रोजगार पाउनमा भेदभाव गर्दैन ।

OIEC समाधान प्रक्रियामा भएको जानकारीको उद्देश्य विश्वविद्यालय समुदायका सदस्यहरुमा सामान्य जानकारी गराउने हो र यसको उद्देश्य OIEC र CU Boulder र समुदायका सदस्यहरुबीच कुनै प्रकारको व्यक्त वा अंतर्निस्वार्थ करार गराउने होइन, र रहनेछैन । OIEC ले यसमा प्रयोग भएको भाषा परिवर्तन वा पुरै, बिना सूचना, हटाउने अधिकार सुरक्षित राख्दछ ।

# विषय सूची


| | | |
|---|---|---|
| A. | संस्थागत निष्पक्षता तथा अनुपालन कार्यालय (OIEC) को अवलोकन र उद्देश्य विवरण | 3 |
| B. | उद्देश्य र कार्यक्षेत्र | 3 |
| C. | क्षेत्राधिकार | 4 |
| D. | सूचित गर्ने विकल्पहरु | 6 |
| E. | रक्षात्मक आदेश सहित समर्थन सेवा र सहयोग | 8 |
| F. | गोपनीयता, गोप्यता, र "सुरक्षित र गैर-भेदभावपूर्ण वातावरण" प्रदान गर्ने विश्वविद्यालयको दायित्व | 8 |
| G. | निषेधित आचरण | 11 |
| H. | OIEC समाधान प्रक्रिया | 13 |
| I. | शीर्षक IX समन्वयकर्ता/OIEC सह उपकुलपति | 31 |
| J. | श्रोतहरु | 33 |
| K. | परिभाषाहरु | 40 |
| Appendix 1: कोलोराडोको चुनिएका केही अपराधिक परिभाषा | | 41 |



Administrative and Research Center,
East Campus 3100 Marine Street,
2nd Floor 557 UCB
Boulder, CO 80309-0557
Office (303) 492-2127
OIEC website

Office of Institutional Equity and Compliance

## क. (Office of Institutional Equity and Compliance) संस्थागत निष्पक्षता तथा अनुपालन कार्यालय को अवलोकन र उद्देश्य विवरण

संस्थागत निष्पक्षता तथा अनुपालन कार्यालय (The Office of Institutional Equity and Compliance (OIEC)) को स्थापना अगष्ट २०१४ मा आरक्षित वर्ग – विद्यार्थी, कर्मचारी वा संबद्ध कोही – मा भएका उत्पीडन र/वा भेदभाव वा यौन दुर्व्यवहारका उजुरीहरुका समाधानहरु एकै कार्यालयमा एकिकृत गर्नका लागि भएको थियो । आफ्नो व्यापक र एकिकृत संरचनाको प्रयोग गर्दै आरक्षित वर्गको उत्पीडन तथा भेदभाव तथा यौन दुर्व्यवहारको रोकथाम र प्रतिकृया गर्नमा राष्ट्रिय नेतृत्व लिनु र सुरक्षित, समावेशी र पहुँचयोग्य वातावरण निर्माण गर्नु OIEC को उद्देश्य रहेको छ, जसमा आवास, मामिला समाधान, शिक्षा, र अन्य उपचारका उपायहरुका लागि समर्पित कर्मचारी छन। कानूनी अनुपालना कायम राख्न, मूल्याङ्कन, रोकथाम तथा प्रतिक्रियाका नवीनतम र सबूत–प्रमाणमा आधारित नमूनाहरुको प्रयोग गर्दै OIEC ले आफ्ना नीति, प्रक्रिया तथा अभ्यासहरु परिष्कृत पार्दै लानेछ। OIEC ले कोलोराडो विश्वविद्यालयको यौन दुराचार, अंतरंग संगी दुर्व्यवहार र पछ्याउनु नीति; कोलोराडो विश्वविद्यालय बोल्डरको भेदभाव र उत्पीडन नीति; र कोलोराडो विश्वविद्यालयको यौन–केन्द्रित–नाता/सम्बन्धहरुमा सम्बन्ध राख्ने स्वार्थको द्वन्द्व(Conflict of Interest)मा (लागू हुने) नीतिहरु कार्यान्वयन र लागू गराउँदछ।

जातिय, वर्ण, राष्ट्रिय मूल, गर्भावस्था, लिंग, उमेर, विकलांगता, सम्प्रदाय, धर्म, यौन अभिमुखिकरण, लिंग पहिचान, लिंग अभिव्यक्ति, भेटरन पद/हैसियत, राजनैतिक आबद्धता वा राजनैतिक सिद्धान्त का आधारमा हुने भेदभाव वा दुर्व्यवहार रोक्न OIEC कटिबद्ध छ । OIEC विश्वविद्यालय नीति, राज्य र संघीय कानूनले निषेध गर्ने कुनै पनि प्रकारको प्रतिशोधका संबन्धित क्रियाकलापहरु रोक्न पनि कटिबद्ध छ।

OIEC ले न्यायसंगत र निष्पक्ष प्रक्रियाहरु अवलंबन गर्दछ र हाम्रो सहयोग खोज्ने सबै ब्यक्तिहरुप्रति आदरभाव र मर्यादापुर्वक व्यवहार गर्दछ।

## B. उद्देश्य र कार्यक्षेत्र

संघीय र राज्य कानून, तिनका कार्यकारी विनियम, र सम्बद्ध प्रतिनिधि मार्गदर्शन अनुपालन सम्मत हुन तथा निम्न कानून अनुरुप अनुपालन गर्ने/गराउने OIEC समाधान प्रक्रिया (समाधान प्रक्रिया)को अभिप्राय हो:

• समान आय ऐन १९६३ (Equal Pay Act of 1963)

• नागरिक अधिकार ऐन १९६४ (Civil Rights Act of 1964)

• शीर्षक ४ (Title IV)

• शीर्षक ६ (Title VI)

• शीर्षक ७ (Title VII)

• १९७२ शिक्षा संशोधनहरुको शीर्षक ९ (Title IX of the Education Amendments 1972)

• पुनर्वास ऐन १९७३ (Rehabilitation Act 1973) खण्ड ५०३ र ५०४ (Sections 503 and 504)

• भियतनाम पालाको भेटेरन समायोजन सहायता ऐन १९७४ (Vietnam Era Veterans Readjustment Assistance Act 1974)

• उमेरको भेदभाव ऐन१९७५ (Age Discrimination Act 1975)

• रोजगारीमा उमेरको भेदभाव ऐन १९७६ (Age Discrimination in Employment Act 1976)

• गर्भावस्था भेदभाव ऐन १९७८ (Pregnancy Discrimination Act 1978)

• विकलांगता भएका अमेरिकीहरु ऐन १९९० (Americans with Disabilities Act of 1990) संशोधन ऐन २००८ (Amendments Act of 2008)

• जँ क्लेरी क्याम्पस सुरक्षा नीति तथा अपराध तथ्यांक खुलासा ऐन १९९१ (The Jeanne Clery Disclosure of Campus Security Policy and Crime Statistics Act 1991)

• महिलाहरु विरुद्ध हिंसा ऐन १९९४ (Violence Against Women Act 1994)

• वर्दीधारी सेवा रोजगार र पुन:रोजगार ऐन १९९४ (Uniformed Services Employment and Reemployment Rights Act 1994)

• महिलाहरु विरुद्ध हिंसा पुनःप्राधिकरण ऐन २०१३ (The Violence Against Women Reauthorization Act of 2013)

• कोलोराडो भेदभाव विरुद्ध ऐन (Colorado Anti-Discrimination Act 1979)

समाधान प्रक्रियाहरु (The Resolution Procedures), कोलोराडो विश्वविद्यालयको यौन दुराचार, अंतरंग संगी दुर्व्यवहार र पछ्याउनु नीति; कोलोराडो विश्वविद्यालय बोल्डरको भेदभाव र उत्पीडन नीति; र कोलोराडो विश्वविद्यालयको यौन-सम्बन्ध-केन्द्रित-सम्बन्धहरुका घटनाहरुमा स्वार्थको द्वन्द्व नीति; अन्तर्गत "क्याम्पस अनुसन्धान र न्यायिक प्रक्रिया"को रुपमा पनि कार्यान्वयन गर्नका लागि बनाइएको हो। यो दस्तावेज ति नीतिहरुको संयोजनमा पढिनु पर्दछ। कतिपय अवस्थामा समाधान प्रक्रियालाई "गुनासो प्रक्रिया" भनेर पनि सम्बोधन गरिनेछ ।

## C. क्षेत्राधिकार

1. समाधान प्रक्रियाहरुले सबै बिद्यार्थी, संकाय, कर्मचारी, ठेकेदार, बिरामी, स्वयंसेवक, आबद्ध संस्थाहरु, तथा अन्य तेस्रो पक्षहरुलाई समेट्नेछ । विशिष्ट अधिकारका प्रावधानहरुकालागि लागू हुने नीतिहरु हेर्नुहोला।[1]

2. विश्वविद्यालय कार्यक्रम, गतिविधि वा रोजगारीको संदर्भमा भएको, तथाकथित घटना, वा त्यसको असर सो सन्दर्भहरुमा अझै पनि निरन्तर रहने/नरहने (उदाहरणकालागि, APS 5014 Section III(H)(2)-(3) मा भनिएको) निश्चित गर्न कम्तिमा प्रारम्भिक अन्वेषण गर्ने विश्वविद्यालयको क्षेत्राधिकार रहन्छ।

3. एउटै तथ्यपूर्ण घटनामा संबन्ध भएतापनि, समाधान प्रक्रियामा हुने कारवाही कानून लागू गराउने संस्था वा कुनै अदालती प्रक्रिया वा कारवाही, कुनै नागरिक वा फौज्दारी अभियोग जस्ता प्रक्रिया, भन्दा फरक तथा छुट्टै हुनेछ। OIEC को क्षेत्राधिकार फौज्दारी अभियोग दर्ता गरिएको वा नगरिएको अवस्थामा निर्भर रहंदैन। OIEC द्वारा संचालित औपचारिक न्याय-निर्णय वा मुद्दा समाधानहरु, OIEC ले निर्धारण गरे अनुरुप, न्यूनिकरण गर्ने परिस्थितिहरु रहेको खण्डमा बाहेक, नागरिक वा फौज्दारी कारवाही विचाराधीन अवस्थामा, स्थगित हुनेछैन। फौज्दारी अभियोग खारेजी वा अपराधिक मुद्दाबाट दोषमुक्ति हुनुले, OIEC लाई घटना समाधान गर्नमा रोकावट गर्नेछैन। OIEC मा कुनै पनि समस्याहरुको खबर गर्न वा, OIEC ले यो दस्तावेजमा उल्लेख गरिए अनुसार, कुनै पनि विषयलाई सम्बोधन गर्न समयसीमा तोकिएको छैन । खबर गरिए अनुसार तथाकथित घटना, विद्यमान कार्यकारी नीति लागू भएको मिति भन्दा अघिको मितिमा भएको/रहेको अवस्थामा, निषेधित आचारको व्याख्यामा असमानता भए/रहे तापनि सम्बन्धित तात्कालिन नीति OIEC ले लागू गर्नेछ। तथापि, खबर गरिएको तथाकथित आचरण रहे/भएको समयमा तात्कालिन नीति जे-जस्तोसुकै रहे तापनि, OIEC को प्रक्रियात्मक प्रतिक्रिया भने वर्तमान समाधान प्रक्रियाबाट परिचालित हुनेछ।

---

[1] लागू नीतिहरु: यौन केन्द्रित सम्बन्धहरुका मुद्दाहरुमा हुने स्वार्थको द्वन्द (APS 5015);
[2] यौन दुर्व्यवाहार, अंतरंग संगी दुर्व्यवहार तथा पछ्याउने नीति (APS 5014);
[3] सी.यू. बोल्डर अन्तर्गत भेदभाव तथा उत्पीडन नीति

4. यस दस्तावेजमा भनिए बमोजिम उचित सूचना दिइसकेपछि, OIEC मा उपस्थित हुन र/वा उत्तर दिन कोही ब्यक्ति असमर्थ रहेमा त्यसले OIEC लाई काम कारवाही अघि बढाउन अवरोध खडा गर्ने छैन।

5. कर्मचारीको हकमा, लागू नीति बाहिर पर्ने कुनै पनि विषयवस्तुहरु नियुक्ति/अनुशासनिक अधिकारीबाट सम्बोधन हुन सक्नेछ। विद्यार्थीको हकमा, यस दस्तावेजमा उल्लेख नभएका विद्यार्थीहरुका अन्य आचरणका विषयवस्तुहरु विद्यार्थी आचरण र विवाद समाधान (Student Conduct and Conflict Resolution – SCCR) को क्षेत्राधिकारभित्र पर्नेछ । लागू नीतिहरु तथा विद्यार्थी आचरण संहितासंग सम्बन्ध राख्ने एक भन्दा बढी सम्भावित आरोप रहेको अवस्थामा, OIEC र SCCR ले संयुक्तरुपमा सबैभन्दा उपयुक्त बाटो अवलम्बन गर्ने अधिकार रहन्छ। समानान्तर अनुसन्धान, संयुक्त अनुसन्धान, कुनै एक संस्थाको निष्कर्षहरु स्वीकार गर्नु वा कुनै एक कार्यालयको अनुसन्धान तथा निष्कर्षहरुलाई आधार बनाएर अर्कोले अनुसन्धान थाल्ने विकल्पहरु हुन सक्दछ।

6. कुनै कथित उल्लंघनमा कोलोराडो विश्वविद्यालयका एकभन्दा बढी क्याम्पस संलग्न हुन आएमा, प्रतिवादीमाथी अनुशासनिक अधिकार भएको क्याम्पसले उजुरी समाधान गर्नेछ। समाधान प्रक्रियाको जिम्मेवारी रहने क्याम्पसले अन्य प्रभावित क्याम्पसको संलग्नता वा सहयोग माग्न सक्ने र प्रभावित क्याम्पसका उचित अधिकारीहरुलाई प्रगति र परिणामबारे जानकारी गराउनु पर्नेछ।

7. विश्वविद्यालय कर्मचारी र विद्यार्थीहरु कुनै समयमा विश्वविद्यालय आबद्ध कार्यस्थल वा कक्षामा सेवारत वा पठनपाठन गर्नेगर्दछन्। त्यस्तो अवस्थामा विश्वविद्यालय कर्मचारी वा विद्यार्थीद्वारा वा विरुद्ध कुनै कथित उल्लंघनका उजुरी परेमा, उजुरीको सम्बोधन त्यो संस्था र विश्वविद्यालयको आबद्धता करारमा उल्लेख भएअनुसारले हुनेछ। आबद्धता करार नभएको वा त्यसमा सो व्यवस्था नभएको खण्डमा, विश्वविद्यालयले स्वविवेक प्रयोग गरि, निम्न विकल्प अपनाउन सक्ने: १) आफ्नै समाधान प्रक्रिया संचालन गर्न सक्ने; २) आबद्ध संस्थासंग संयुक्त समाधान प्रक्रिया अवलम्बन गर्ने; ३) विश्वविद्यालयले समाधान प्रक्रिया समीक्षा गरेर सन्तुष्टरुपमा न्यायोचित ढंगबाट संचालन रहे/भएको पुष्टी भएपश्चात आबद्ध संस्थाको समाधान प्रक्रियाको निष्कर्षलाई स्वीकार गर्न सक्ने; ४) थप अनुसन्धान गर्न वा न्यायिक निर्णय गर्न, आबद्ध संस्थाको समाधान प्रक्रिया र निष्कर्षलाई आधारको रुपमा प्रयोग गर्न सक्ने; ५) OIEC का सह–उपकुलपति वा पदाधिकारीलाई उचित लागेको अन्य कुनै कारवाही गर्न सक्ने।

8. ब्यक्तिको कथित आचरण, कोलोराडो विश्वविद्यालयका विद्यार्थी, संकाय, कर्मचारी, ठेकेदार, बिरामी, स्वंसेवी, संबद्ध संस्थाको रुपमा आबद्ध हुनु पुर्व भएको खण्डमा र कथित आचरणले वर्तमान कोलोराडो विश्वविद्यालय बोल्डर समुदायका सदस्यहरुको रोजगारी वा शिक्षाको समान पहुँचमा प्रतिकुल असर पुर्याउंदछ भने त्यसलाई सम्बोधन गर्न OIEC सह–उपकुलपति वा अन्य पदाधिकारीले निर्दिष्ट गरेबमोजिम लागू सुधारात्मक, रक्षात्मक, र/वा शैक्षिक उपायहरुबाट सम्बोधन गर्न सकिनेछ।

## D. खबर गर्ने विकल्पहरु

*आपत्कालीन अवस्थामा वा तपाईं असुरक्षित अवस्थामा हुनुहुन्छ भने तत्काल ९११ मा फोन गर्नुहोला *

### 2. विश्वविद्यालय/संस्थागत निष्पक्षता तथा अनुपालन कार्यालय OIEC

खण्ड जी मा सूचीकृत भए अनुसार कुनै पनि निषेधित आचरण संबन्धि सूचना विश्वविद्यालयमा दिन र OIEC समाधान प्रक्रिया पहल गर्नको लागि OIEC मा सिधै सम्पर्क गर्नुहोस ।

फोन: (३०३) ४९२ २१२७
इमेल: cureport@colorado.edu

हामीलाई सिधै सम्पर्क गर्नुहोस:

**a. भ्यालेरी सिमन्स**
सह उपकुलपति
तथा शीर्षक IX समन्वयकर्ता  Title IX Coordinator
valerie.simons@colorado.edu
(३०३) ४९२ –५३५९

**b. लेन पोमरोय**
सहायक उपकुलपति

तथा शीर्षक IX उप समन्वयकर्ता  Deputy Title IX Coordinator
llen.pomeroy@colorado.edu
(३०३) ४९२-०२७७

खबर गर्ने विकल्पहरुका पूर्ण सूचीका लागि, OIEC website हेर्नुहोला।

सूचना दिने र/वा सहभागिता बढाउने उद्देश्यले, उजुरीकर्ता, निवेदक वा साक्षीको मदिरा वा अन्य लागू पदार्थका ब्यक्तिगत सेवन गर्ने/ गरिने व्यवहारमाथि अनुशासनिक कारवाही गरिने छैन। यो प्रावधानको उद्देश्य सूचना दिने र/वा सहभागितामा पर्न सक्ने संभावित अवरोध हटाउनु हो। तथापि, लागू हुने नीतिहरुले नसमेटेका आचरणबारे निर्णायक क्षेत्राधिकार र निर्णय (विद्यार्थीका हकमा) विद्यार्थी आचरण र विवाद समाधान (Student Conduct and Conflict Resolution – SCCR) वा (कर्मचारिका हकमा) नियुक्ति/अनुशासनिक अधिकारीको हुनेछ।[2]

वादीले औपचारिकरुपमा सूचना दिन नचाहेमा र/वा न्यायिक प्रक्रियामा सहभागि हुन नखोजेमा (OIEC वा कानून प्रवर्तक मार्फत), खण्ड (Section J) मा उल्लेख भएबमोजिम क्याम्पस परिसर वा क्याम्पस बाहिर स्थित सहयोग सेवाहरुका जानकारी तथा सहायता प्राप्त गर्न तथा खण्ड Section H(2)मा उल्लेख गरिए अनुसार उपचारात्मक र/वा रक्षात्मक उपायहरु प्राप्त गर्न, वादीले OIEC मा सम्पर्क गर्न सक्नेछन।

## 3. कानून प्रवर्तक

**क. विश्वविद्यालय पुलिस/क्याम्पस स्थित:**
(३०३) ४९२ – ६६६६ (गैर आकस्मिक सेवाका लागि)
सामान्य सूचना
बेनामी सूचना दिन

**ख. बोल्डर नगर प्रहरी/क्याम्पस बाहिर**
(३०३) ४४१-३३३३ (गैर आकस्मिक सेवाका लागि)
सामान्य सूचना

विश्वविद्यालय/OIEC तथा कानून प्रवर्तक समक्ष एकैसाथ, वादीहरुले, फौज्दारी अभियोग दर्ता गर्नुपर्ने बाध्यता नरहेको, तर सो गर्ने/गराउने अधिकार रहने छ। फौज्दारी अपराध पनि रहन आउने तथाकथित दुराचारको सूचना कानून प्रवर्तकलाई दिन OIEC ले सहयोग गर्न सक्दछ।

तथाकथित अपराध भएको साबित गर्न वा सुरक्षात्मक आदेश प्राप्त गर्न सहयोगी हुन सक्ने सबूत–प्रमाण सुरक्षित राख्न महत्वपूर्ण हुने कुरामा कृपया ध्यान दिनुहोला। निवेदकले घटना(हरु)को सूचना दिन चाहे वा नचाहेपनि, निवेदकले कुनै पनि बेला घटनाको सूचना दिने निर्णय गरेमा प्रमाण उपलब्ध रहिरहोस् भन्ने हेतु, कुनै पनि यौन आक्रमण/हातपात (वा कुनै दुराचार) को प्रमाण सुरक्षित राख्न महत्वपूर्ण हुन्छ। उदाहरणका लागि सुरक्षित राख्न पर्ने प्रमाणहरु, तर त्यसमा सिमीत नरहने, हुन्: व्यक्तिले लगाईराखेका लुगा, ओछ्यान, आक्रमण/हातपातको विषयमा कुराकानी भएका टेक्स्ट/मोबाइल संदेश (अभियुक्त वा साथी वा परिवारसंगको), फोटोहरु, स्क्रिनशटहरु, इमेल, सोशल मिडियामा भएका कुराकानी/पोस्ट (फेसबुक, टिन्डर, स्न्यापच्याट, इन्स्टाग्राम, ग्राईन्डर इत्यादि), अन्य एप्सबाट पठाईएका संदेश (ह्वाट्स्एप, किक, ग्रुपमी, विच्याट आदि), बफवान कार्ड स्वाईप गरिएका जानकारी, भिडियो सर्वेलियन्स[3], र/वा साक्षीका नाम र सम्पर्क जानकारी।

कसैले आक्रमण/हातपातको जानकारी पुलिसलाई दिन चाहे वा नचाहेको अवस्थामा पनि, प्रमाण सुरक्षित राख्नका लागि एउटा चिकित्सा जाँच गराउन सकिन्छ। बोल्डर सामुदायिक स्वास्थ्य फुटहिल्स अस्पतालको यौन आक्रमण/हातपात घटना नर्स परिक्षक Sex Assault Nurse Examiner (SANE)ले सो परिक्षण गर्न उपलब्ध रहन्छन्, जुन परिक्षण आक्रमण/हातपात भएको पाँच दिन भित्र गरिनु पर्छ। पिडितले परिक्षण नहुँदासम्म ननुहाएको, नखाएको, नपिएको, गुप्ताङ्ग नपखालेको वा लुगा नफेरेको उत्तम रहन्छ । तथापि, यी मध्ये कुनै वा सबै कुरा गरिसकिएको अवस्थामा पनि प्रमाण संकलन गर्न सकिनेछ। SANE परिक्षणको बारेमा थप जानकारी बोल्डर सामुदायिक स्वास्थ्य SANE वेबपेज मा पाउन सकिन्छ।

[2] यौन दुराचार, अंतरंग संगी दुर्व्यवहार तथा पछ्याउने संबन्धि नीति विषयक "आम–माफी प्रावधान"को लागी, कृपया सो नीतिको खण्ड Section III(E)(2)मा हेर्नु होला।

[3] विश्वविद्यालयका क्यामेराहरुबाट खिचिएका भिडियो सर्वेलियन्सका सामाग्रीहरु तथा बफ्–वान प्रवेश कार्ड प्रयोगका गतिविधिहरु संकलन गर्ने विश्वविद्यालयको क्षमता, OIEC मा आरोपित सूचना दिईएको समयसीमाको कारणले, सीमित रहन सक्नेछ। विश्वविद्यालयका अधिकांश भिडियो सामग्रीहरु ३० दिन पश्चात मेटिने भएको कारणले गर्दा। आरोप दर्ता गर्न नचाहनुभएको तर कुनै भिडियो निगरानीका कुनै प्रासंगिक सामग्री रहेको भन्ने लागेमा र विश्वविद्यालयले सो भिडियो सामग्री सुरक्षित राखिदियोस भन्ने लागेको खण्डमा, सो सम्बन्धित उपायहरु छलफल गर्न OIEC मा सम्पर्क गर्नुहोला।

**कृपया ध्यान दिनुहोला, यदि यस्ता कुनै प्रमाण उपलब्ध नभएको वा अस्तित्त्वमा नरहेको भएता पनि तपाँइलाई यौन आक्रमण /हातपात भएको कुरा खबर गर्न प्रोत्साहन गर्दछौं । प्रमाणको कमीका कारण अनुसन्धान नै रोकिने अवस्था हुंदैन।**

विश्वविद्यालय पुलिसलाई सूचना दिँदा विश्वविद्यालय/OIEC लाई पनि सूचित गर्नुपर्ने हुन्छ जसले गर्दा लागू हुने राज्य कानून अन्तर्गतका OIEC समाधान प्रक्रिया पनि संलग्न हुनसक्नेछ। कतिपय अवस्थामा, OIEC ले कथित आचरणको सूचना उपयुक्त कानून प्रवर्तक संस्थालाई प्रदान गर्नु पर्ने बाध्यता रहन्छ। त्यस्तो अवस्थाहरुमा, कानून प्रवर्तकलाई सूचित गर्नु अघि, OIEC ले सकेसम्म संभावित वादीहरुलाई सो कदमको खबर दिने प्रयास गर्नेछ ।

## 4. गोप्य विकल्पहरु

### a. पिडित सहयोग कार्यालय (Office of Victim Assistance)

निवेदकले विश्वविद्यालय समाधान प्रक्रियामा जान वा पुलिसमा उजुरी गर्ने निश्चय गर्न असमर्थ रहेको अवस्थामा, कोलोराडो विश्वविद्यालय बोल्डर स्थित पिडित सहयोग कार्यालय मार्फत (३०३) ४९२ – ८८५५ मा फोन गरेर वा assist@colorado.edu मा इमेल गरेर वा सामुदायिक केन्द्र (C4C), Suite N352, मा आफै गएर वा OVA website मा गएर गोप्य जानकारी तथा समर्थन नि:शुल्क प्राप्त गर्न सक्नेछन। यहाँ(OVA)का सबै कर्मचारीहरु अधिवक्ताहरु र ईजाजत प्राप्त परामर्शदाताहरु हुन। अरु गोप्य श्रोतहरु खण्ड Section J मा सूचीकृत छन्।

## E. सहारा सेवा, सहायता लगायत रक्षात्मक आदेश (Support Services and Assistance including Protective Orders)

कुनै व्यक्तिले OIEC लाई (प्रत्यक्ष वा उत्तरदायी कर्मचारी, समर्थक, तेस्रो पक्ष, वा अन्य मार्फत) लागू नीति अन्तर्गत निषेधित आचरण आफूले भोगेको सूचना दिए पश्चात, आवश्यकता अनुसार OIEC ले क्याम्पस परिसरमा वा बाहिर उपलब्ध उपयुक्त सेवाहरुका जानकारी प्रदान गर्ने (औपचारिक सूचना दर्ता वा औपचारिक कारवाहीमा सहभागिता रहे/नरहेता पनि), परामर्श, स्वास्थ्य सेवा, मानसिक स्वास्थ्य सेवा, पिडितको वकालत, कानूनी सहयोग, भिसा वा अध्यागमन सेवा, र/वा वैज्ञानिक (Forensic) यौन आक्रमण/हातपात घटना नर्स परिक्षण (SANE) सहित तर त्यत्तिमा सीमित नरहने। यौन दुराचारको सूचना दिने व्यक्तिहरुका लागि उपलब्ध विकल्पहरु र श्रोतको सारांश लिखित रुपमा प्राप्त गर्नकोलागि "सूचना दिने विकल्पहरु तथा सहायता (Reporting Options and Assistance)" यो लिंकमा हेर्न सकिन्छ OIEC website.

### 1. सुरक्षा आदेश, सम्पर्क बन्देज आदेश, आपत्कालीन प्रतिबन्ध आदेश वा समान कानून सम्मत आदेशहरु (Orders of Protection, No-Contact Orders, Restraining Orders, or Similar Lawful Orders)

सुरक्षा आदेश वा अरु कुनै अदालती आदेश, प्राप्त गर्न इच्छुक निवेदकहरुले सो विकल्पहरु आफ्नै प्रतिनिधित्वमा लाग्नु पर्ने आवश्यकता रहनेछ। आपत्कालीन प्रतिबन्ध आदेश (Restraining Order) बोल्डर काउन्टी संगठित अदालतहरु (Boulder County Consolidated Courts)बाट प्राप्त गर्न सकिनेछ। कोलोराडोमा आपत्कालीन प्रतिबन्ध आदेश प्राप्त गर्ने बारेमा थप जानकारी कोलोराडो राज्य अदालती प्रतिबन्ध आदेश पुस्तिका मा उपलब्ध छ।

पिडित सहायता कार्यालय (OVA) ले व्यक्तिहरुलाई प्रतिबन्ध आदेश (Restraining Order)को प्रक्रियामा नि:शुल्क सहयोग गर्न सक्छ। कोलोराडो विश्वविद्यालय विद्यार्थी कानूनी सेवा (SLS) ले पनि श्रोत उपलब्ध गराउन सक्दछ।[4] कोलोराडो विश्वविद्यालय बोल्डरले कोलोराडो कानून अंतर्गतका सुरक्षा-आदेशको अनुपालन गर्दछ। कुनै व्यक्तिले कोलोराडो वा अरु कुनै राज्यबाट संरक्षण आदेश प्राप्त गरेको छ भने सो को एक प्रति कोलोराडो विश्वविद्यालय प्रहरी विभाग वा OIEC सह उपकुलपति वा पदाधिकारीलाई बुझाउनु पर्नेछ।

## F. गोपनीयता, गोप्यता, र विश्वविद्यालयको “सुरक्षित र भेदभाव रहित वातावरण” उपलब्ध गराउने दायित्व

*गोप्यता र गोपनीयताका छुट्टाछुट्टै आशयहरु छन्।*

**1. गोपनीयता:** को अर्थ सामान्यतया प्रतिबंधित आचरणको सूचना संबन्धित जानकारीहरु, सक्रिय समीक्षा, फैसला, सूचना समाधान र सम्बन्धित विषयहरुमा सहायता प्रदान गर्नका लागि यो कुरा "अनिवार्य जान्नुपर्ने" सिमित व्यक्तिहरु बिचमा आदान–प्रदान गरिन्छ। संभावित प्रतिक्रियामा संलग्न रहेका विश्वविद्यालयका सम्पूर्ण कर्मचारीहरुले लागू–कानून अनुसार निजी सूचनाहरु सुरक्षित राख्नेबारे विशेष तालिम र निर्देशन पाएका हुन्छन।

विद्यार्थी शैक्षिक अभिलेखहरुको गोपनीयता, पारिवारिक शिक्षा अधिकार र गोपनीयता ऐन (FERPA) र राज्यको संरक्षण कानून अनुसरण गर्ने विश्वविद्यालयको नीति अन्तर्गत सुरक्षित रहनेछन्। कर्मचारीका रेकर्ड पहुँचमा, विश्वविद्यालयको नीति र राज्यको कानून अन्तर्गत, हदबन्दी गरिएको हुन्छ।

**2. गोप्यता:** को अर्थ कुनै व्यक्तिद्वारा निर्दिष्ट क्याम्पस वा पेशागत सामुदायिक कर्मिहरुलाई दिइएको सूचना ति व्यक्तिको प्रत्यक्ष अनुमति बिना वा अन्यथा कानूनी आवश्यकता वा स्वीकृतिको अवस्थामा बाहेक अरु कसैलाई खुलासा गर्ने अनुमति नरहने हो। गोप्य संबन्ध राख्ने अख्तियार रहेका क्याम्पस र पेशागत समुदायिक कर्मिहरु, स्वास्थ्य सेवा प्रदायक, मानसिक स्वास्थ्य व्यवसायी, यौन आक्रमण/हातपात पिडित अधिवक्ता, वकिल, दीक्षित पादरी, साधारणतया गोप्यताको विशेषाधिकार भएकाहरु सबै कोलोराडो राज्य कानूनबाट मान्यता प्राप्त हुन्छन। देहायका अवस्थामा बाहेक यि व्यक्तिहरु गोप्यता भंग गर्नबाट प्रतिबंधित हुन्छन: (१) जानकारी दिएका ब्यक्तिबाट सो को लागि अनुमति दिइएको अवस्थामा; (२) तिनलाई आफै वा अरु कसैबाट हानि हुनसक्ने आशंका रहेको अवस्थामा; (३) भएको आचरणमा १८ भन्दा कम उमेरको नाबालिगमाथी दुर्व्यवहार संलग्न भएको शंका भएमा; (४) कानूनी आवश्यकता वा अनुमति रहेको वा अदालती आदेश रहेको अवस्थामा।

वादी र प्रतिवादीहरुले जानकारी गोप्य रुपमा प्रदान गरि OIEC का सह उपकुलपति वा पदाधिकारीबाट आवश्यकता अनुसार उपचारात्मक र/वा रक्षात्मक उपायहरु प्राप्त गर्न सकुन भन्ने हेतु, खण्ड Section J मा सुचीकृत भएका गोप्य श्रोतहरुलाई विश्वविद्यालयले अनुमोदन गर्दछ। यि गोप्य श्रोतहरुसंगका सम्पर्कहरु, वैधानिक कानूनले तोकेसम्म, गोप्य रहने। गोप्य श्रोतहरुलाई अनिवार्य सूचना प्रेषण गर्ने प्रायोजनका लागि बाध्य रहने “उत्तरदायी कर्मचारीहरु”को रुपमा मानिंदैन।

**3. उत्तरदायी कर्मचारी:** यदि कुनै व्यक्तिले व्याख्या अनुरुप सूचित–गर्न–बाध्य उत्तरदायी कर्मचारीलाई घटना जाहेरी गरेको, तर सो ब्यक्तिले गोपनीयता अपेक्षा गरेको र कुनै समाधान प्रक्रिया अघि नबढाइयोस र कुनै अनुशासनिक कारवाही नगरियोस वा सो आरोप कानून प्रवर्तकलाई सूचित नगरियोस भन्ने अनुरोध गरेको रहेमा, सो उत्तरदायी कर्मचारीले ति सबै सम्बन्धित जानकारीहरु OIEC का सह उपकुलपति वा पदाधिकारीलाई सूचित गर्न बाध्य रहिरहन्छ, जसले, विश्वविद्यालयबाट प्रतिशोधहरु निषेध रहेको र विश्वविद्यालयले प्रतिशोध रोक्न कदम मात्र नचालि, भएको खण्डमा कडा प्रतिक्रियात्मक कारवाही चाल्नेछ भन्ने जानकारी खुलस्त गर्नेछन्। उत्तरदायी कर्मचारीको सूचित गर्ने बाध्यताको जिम्मेवारी, OIEC सह उपकुलपति वा पदाधिकारी बाहेकका कुनै अन्य पर्यवेक्षक वा विश्वविद्यालय कर्मचारीलाई दिएर दायित्व पुरा हुंदैन।

**4. सुरक्षित र भेदभाव रहित वातावरण प्रदान गर्ने दायित्व र त्यसलाई “अधिलेखन गर्ने कारकहरु” सम्बन्धि अवधारणा**

यदि कुनै व्यक्तिले घटना जाहेरी गरेको, तर सो ब्यक्तिले गोपनीयता अपेक्षा गरेको र कुनै अनुसन्धानका कारवाही अघि नबढाईयोस वा अनुशासनिक कारवाही नगरियोस भन्ने अनुरोध गरेको अवस्थामा, OIEC का सह उपकुलपति वा पदाधिकारीले विश्वविद्यालयबाट प्रतिशोधहरु प्रतिबन्धित रहेको र कुनै ब्यक्ति समाधानको प्रक्रियामा सम्मिलित भएको खण्डमा प्रतिशोध रोकथाम गर्न चालिने कदमहरुका बारेमा जानकारी प्रदान गरिने, तथा भएको खण्डमा विश्वविद्यालयले प्रतिक्रियात्मक कार्वाही चाल्ने कुराको जानकारी खुलस्त गर्नेछन्। प्रतिशोधहरु माथी विश्वविद्यालयको प्रतिबन्ध रहेको तथा प्रतिशोध रोकथाम गर्ने र प्रतिशोधका काम–कारवाही भए/गरेको अवस्थामा त्यस प्रति प्रतिक्रिया दिने बाध्यताको बारेमा जानकारी गराइए पश्चात पनि कुनै व्यक्तिले, गोपनियता कायम राखियोस, अनुसन्धान नगरियोस र अनुशासनिक कारवाही अघि नबढाइयोस भन्ने, कुनै अनुरोध गरेको अवस्थामा OIEC का सह उपकुलपति वा पदाधिकारीले त्यस्ता अनुरोधले विश्वविद्यालयको सुरक्षित र भेदभाव रहित वातावरण, सम्पूर्ण बिद्यार्थी, संकाय तथा कर्मचारीहरुलाई प्रदान गर्ने जिम्मेवारी, मा पर्न जाने असरको मूल्यांकन गर्नेछन। सो निर्धारण गर्ने क्रममा OIEC का सह उपकुलपति वा पदाधिकारीले अनुसन्धान सुचारु गर्न, यौन दुराचारको अनुसन्धान पछि अनुशासनिक कारवाही गर्न/गराउन, निम्न लिखित अवस्थाहरु सहित निर्णय रद्द गर्न/गराउन सक्ने विभिन्न अधिलेखन कारक–तत्त्वहरुको विचार गर्नेछः

- यदि कथित दोषीले थप दुराचार वा अन्य हिंसाका कार्य गर्ने जोखिम रहेको;

• यदि कथित दुराचारको घटनाको गंभीरता, जसमा कथित दोषीले कथित पिडित वा अन्य कसैलाई थप दुराचार वा अरु कुनै हिंसात्मक कार्यको धमकी दिएको, वा कथित दुराचार कथित पिडितको असक्षमताको सहूलियत रहन गएकोले, वा कथित दोषी अरु कुनै दुराचार वा हिंसात्मक व्यवहारका कारण कानूनी वा अनुशासनिक कारवाहीमा जिम्मेवार पाइएको वा अन्यथा;

• यदि कथित दुराचार हतियारको बलमा गरिएको/भएको वा अन्यथा;

• यदि कथित पिडित नाबालिग रहेको वा अन्यथा;

• यदि विश्वविद्यालयसंग कथित पिडितको बयान बाहेक कथित दुराचारबारे सम्बन्धित प्रमाणहरु जुटाउने अन्य माध्यमहरु रहेको (उदाहरणका लागि, सुरक्षाकर्मी वा सुरक्षा निरिक्षण क्यामरा, वा भौतिक प्रमाण) वा अन्यथा; वा

• यदि कथित दुराचारको घटनाले अपराधमा, स्थानविशेष वा कुनै संगठन–विशेषबाट भए/रहेको कुनै ढाँचा उजागर गर्ने रहेमा वा अन्यथा;

अनुसन्धान वा न्यायिक प्रक्रियामा नजाने, कुनै ब्यक्तिको अनुरोधका बावजूद कारवाही अघि बढाउने निर्णय भने हरेक मामिलाका व्यक्तिगत समीक्षा पश्चात अवस्था हेरिकन गरिनेछ।

यो खण्डमा रहेको कुनै पनि पक्षले OIEC का सह उपकुलपति वा पदाधिकारीलाई कथित दुराचारप्रति, अनुसन्धान वा न्यायिक प्रक्रिया बाहेकका प्रतिक्रिया दिनमा हदबन्दी लगाउने छैन, जुन अवस्था अनुरुप सह उपकुलपति वा पदाधिकारीले उपयुक्त रहेको खण्डमा निर्धारण गरिने, उदाहरण: अनौपचारिक समाधान, अन्य कार्यालयहरुलाई संप्रेषण गरिने, वा उपयुक्त रहेको खण्डमा अरु विश्वविद्यालयका अधिकारीहरुसंग परामर्श गरिने, कोलोराडो विश्वविद्यालय प्रहरी विभाग, विद्यार्थी समर्थन र प्रकरण व्यवस्थापन, र/वा व्यवहारिक हस्तक्षेप टोली यसमा पर्न सक्ने तर त्यत्तिमा सीमित नरहने। यसको अतिरिक्त, अधिलेखन विश्लेषणमा भएको कुनै तत्त्वले पनि अनुशासन अधिकारीलाई, आवश्यकता अनुसार अनुशासनिक कारवाहीको थालनी गर्ने वा कार्यान्वयन गराउने अधिकारमा, हदबन्दी लगाउने छैन। विश्वविद्यालयले कुनै व्यक्तिको गोपनीयताको अनुरोध स्वीकार्दछ भने, अर्थपूर्ण रुपमा घटनाको अनुसन्धान गर्ने विश्वविद्यालयको क्षमता सीमित गर्न सक्दछ तथा अनुशासनिक कारवाही संभव नहुन सक्दछ।

OIEC का सह उपकुलपति वा पदाधिकारीले माथीका कारक–तत्त्वहरुका कारण, व्यक्तिको गोपनीयताको अनुरोधका बावजूद, प्रहरीलाई सूचित गर्नुपर्ने आवश्यकता रहनआएमा सो बुझाउने निर्णय गर्न सक्दछ। OIEC ले कानून प्रवर्तकलाई सूचित गर्ने निर्णय गर्दा माथीका कारक–तत्त्वहरुमाथी विचार पुर्याउनेछ। त्यस्ता घटनाहरुमा, OIEC ले कानून प्रवर्तकलाई सूचित गर्नुअघि संभावित निवेदकलाई खबर गर्ने यथोचित प्रयास गर्नेछ।

## G. निषेधित आचरण

यि समाधान प्रक्रियामा लागू हुने दुराचारहरु तथा दुराचारका परिभाषाहरु यहाँ पाउन सकिन्छ:

1. **यौन दुराचार, अंतरंग संगी दुर्व्यवहार र पछ्याउनु सम्बन्धि नीति,**[5] ले यौन आक्रमण/हातपातमा प्रतिबन्ध लगाएको हुन्छ – गैर–सहमतिय सहवास, यौन आक्रमण/हातपात – गैर–सहमतिय यौन संसर्ग, यौन शोषण, अंतरंग संगी दुर्व्यवहार (घरेलु र डेटिंग हिंसा पनि पर्ने), पछ्याउनु तथा यौन उत्पीडन।

2. **भेदभाव र उत्पीडन नीति,**[6] ले जाति, रंग, राष्ट्रिय मूल, लिंग, उमेर, अपांगता, सम्प्रदाय, धर्म, यौन अभिविन्यास, लैंगिक पहिचान, लैंगिक अभिव्यक्ति, गर्भावस्था, भेटरन ओहोदा, राजनैतिक आबद्धता र/वा राजनैतिक सिद्धान्त का आधारमा भेदभाव र/वा उत्पीडनमा प्रतिबन्ध लगाउंदछ।

3. **यौन–सम्बन्ध–केन्द्रित सम्बन्धहरुको अवस्थामा स्वार्थको द्वन्द्व,**[7] ले, संकायका सदस्यहरु, विद्यार्थी, प्रशासक, वा कर्मचारी, समान वा विपरित लिंगका जो सुकै पनि, दुइ व्यक्तिबीच रहंदै आएको वा पछिल्लो सात वर्षभित्र भए/रहेको यौन–केन्द्रित सम्बन्ध भएको अवस्थामा प्रत्यक्ष मूल्यांकन गर्ने हैसियत रहेको कर्मचारीको सो अधिकार प्रयोगमा पाबन्दी लगाईनु आवश्यक रहन्छ।

यौन दुराचार, अंतरंग संगी दुर्व्यवहार र पछ्याउनु नीति तथा भेदभाव तथा उत्पीडन नीति अन्तर्गत, OIEC ले निम्नलिखित सम्बन्धित आरोपहरु पनि सम्बोधन गर्न सक्दछ:[8]

**4. सूचित गर्न असमर्थ रहेको** – लागू नीतिहरुको प्रबन्ध विश्वविद्यालयले दुराचारको सूचना दिने कार्य प्रवर्दन गर्न तथा उत्तरदायी कर्मचारीले निष्ठापूर्वक आफ्नो सूचित गर्ने दायित्त्व पूरा गरे बापत अनुशासनिक कारवाहीमा पर्नबाट जोगिने किसिमले व्यवस्था गरेको हुन्छ। दुराचारको आरोपको सूचना दर्ता गर्न/गराउन असक्षम भएको अवस्थामा, विश्वविद्यालय समुदायको सदस्यले दुराचार भोग्रुपरेको वा दुराचार गरेको जानकारी, उत्तरदायी कर्मचारी(हरु)ले खबर प्राप्त गरे पश्चात, नीयतपूर्वक, जानीबुझीकन वा लापरवाहीको कारण सूचित गर्ने दायित्वको बेवास्ता गरेको परिणामस्वरुप विश्वविद्यालय समुदायको सदस्यलाई हानि पुगेको, अवस्थामा लागू नीतिहरुको उल्लंघन गरिएको मानिने छ।

**5. प्रतिशोध** – कोलोराडो विश्वविद्यालयले, दुराचारको खबर दर्ता गर्ने मनसाय भएका, वा दर्ता गरेका, समर्थन दिएका, वा सम्बन्धित दुराचारको उजुरी दर्तासंग सम्बन्धित जानकारी प्रदान गरेका, समुदायका सदस्य विरुद्ध प्रतिशोधका कार्यकलापहरुलाई अनुमति दिनेछैन। प्रतिशोधको परिभाषा, विश्वविद्यालय समुदायको सदस्य बिरुद्ध प्रत्यक्ष वा अप्रत्यक्ष त्रास, धम्की, दुर्व्यवहारहरु, तर त्यतिमा सीमित नरहने, आफ्नो संरक्षित सक्रियताका कारण शिक्षा वा रोजगारीमा प्रतिकूल कारवाहीहरु गर्नु/गराउनुलाई बुझाउंदछ। शैक्षिक वा रोजगार प्रतिकूल कारवाही को अर्थ कुनै पनि तर्कसंगत व्यक्तिलाई कुनै दुराचारका आरोपहरुको सूचना खबर गर्न वा समाधान प्रक्रियामा सहभागि हुन निरुत्साहित गर्ने कुनै पनि गतिविधिलाई बुझाउंदछ।

**6. झूठो वा भ्रामक जानकारी दिनु** – दुराचारबारे झूठो र भ्रामक जानकारी दिनु यौन दुराचार, अंतरंग संगी दुर्व्यवहार र पछ्याउनु नीति र भेदभाव तथा उत्पीडन नीतिको उद्देश्य विपरित रहन्छ। विश्वविद्यालय समुदायका सदस्यहरुले दुराचारको सूचना निष्ठापूर्वक दिनु आवश्यक रहन्छ। जानीबुझिकन वा लापरवाहीपुर्वक दुराचारको निराधार आरोप लगाउने वा जानीबुझिकन वा अनुसन्धानको क्रममा लापरवाहीपूर्वक झूठो जानकारीहरु पेश गर्ने कार्य लागू नीतिको उल्लंघन हो। सूचनामा जनाईएका सत्य–तथ्यहरु पछि प्रमाणित नभएता पनि, निष्ठापूर्वक सूचना वा जानकारी दिनु गलत वा भ्रामक जानकारी प्रदान गरिएको ठानिने छैन।

**7. सूचनामा हस्तक्षेप** – विश्वविद्यालयका समुदायका कुनै पनि सदस्यले, शीर्षक IX समन्वयकर्ता वा पदाधिकारीलाई, दुराचारको सूचना दिने उत्तरदायी कर्मचारी वा अन्य कोही–कसैलाई हस्तक्षेप गर्ने वा बाधा गर्न पाउनेछैन।

**8. आदेश तथा प्रतिबन्धहरु अनुपालनमा असमर्थता**– पुनरावेदनका अधिकारहरु सहित, विश्वविद्यालयका सदस्यहरुले OIEC का सह उपकुलपति वा अन्य यथोचित अधिकारीहरुबाट, लागू–नीति अन्तर्गतका, जारी गरिएका आदेशहरु, सम्पर्क निषेध आदेशहरु, बहिष्कार आदेशहरु, तथा अन्तरिम निलम्बनका आदेशहरु र त्यतिमा सीमित नरहि, को पालना गर्न अनिवार्य रहन्छ। पुनरावेदनका अधिकारहरु सहित, लागू दुराचार नीति सम्बन्धित जारी गरिएका सम्पूर्ण आज्ञा तथा बन्देजहरु, विश्वविद्यालय समुदायका सदस्यहरुले, पूर्णरुपमा पालना गर्नुपर्दछ।

---

[5] यौन दुराचार, अंतरंग संगी दुर्वयवहार तथा पछ्याउनु नीति (APS 5014)
[6] सी. यू. बोल्डरको भेदभाव तथा उत्पीडन नीति
[7] यौन केन्द्रित सम्बन्धहरुका घटनाहरुमा स्वार्थको द्वन्द (APS 5015)
[8] यी प्रावधानहरु यौन दुराचार, अंतरंग संगी दुर्वयवहार तथा पछ्याउनु नीति (APS 5014) मा पहिले नै संलग्न रहिआएका छन्।

## H. OIEC समाधान प्रक्रिया

भाग Section G मा उल्लेख भएअनुसार "निषेधित आचरण" अन्तर्गतका कुनै पनि आचरण सम्बन्धित सूचना वा निवेदन प्रति विश्वविद्यालयले ध्यान दिने छ र विश्वविद्यालय अवगत रहेको, वा उचित सावधानी अपनाईएको समयावस्था रहि जानकार रहनु पर्ने, कुनै पनि उजुरीको तत्काल, उचित, निष्पक्ष, र न्यायसंगत समाधान प्रदान गर्न कटिबद्ध रहन्छ। समुदायका सदस्यहरुको सुरक्षा विश्वविद्यालयको प्राथमिक चासोको विषय हो। कुनै पनि प्रतिबन्धित आचारहरुका घटनाहरु दोहरिन नदिन तथा जायज रहेको अवस्थामा, उजुरीकर्ताहरु वा अन्यहरुमाथि भेदभावपूर्ण प्रभावहरुको निवारण गर्न विश्वविद्यालयले कदम चाल्ने छ। सम्पूर्ण निषेधित आचरणहरुको सूचनाहरुका समाधानका लागि निम्न प्रक्रियाहरु लागू हुनेछः

**1. समाधान प्रक्रियाको सारांश** – प्रतिबन्धित आचरण विषयक आरोपका उजुरी वा सूचना प्राप्त भएको अवस्थामा न्यूनतम प्रारम्भिक सोधपूछ गर्ने OIEC को क्षेत्राधिकार रहन्छ। प्रारम्भिक सोधपूछ भित्र, OIEC ले लागू गरेका नीतिहरु संग उजुरीको कुनै संबन्ध रहे/नरहेको पहिल्याउन, उजुरी वा पक्षहरु OIEC को क्षेत्राधिकारभित्र रहे/नरहेको, तथा OIEC ले कानून प्रवर्तककोमा सूचना संप्रेषण गर्न आवश्यक

रहने गरि सुरक्षा संबन्धि खतरा सो उजुरीले पैदा गर्ने/नगर्ने, किसिमका प्रकृति मल्याङ्कन गर्ने जस्ता भूमिकाहरु रहनेछन्। सो पश्चात, OIEC ले सूचना वा उजुरीलाई सम्बोधन गर्न सबैभन्दा उचित माध्यमहरु निर्दिष्ट गर्नेछ। निम्न वैकल्पिक, तर त्यसमा सीमित नरहने, तरिकाहरु रहेकाछन्:

**क. औपचारिक न्यायिक प्रक्रिया** (भाग H (६))

**ख. अनौपचारिक न्यायिक प्रक्रिया** (भाग H(७))

**ग. प्रारम्भिक सोधपूछ:** सूचना वा उजुरीमा दिईएका सत्य–तथ्य जानकारीहरु, सत्य नै भएतापनि, लागू–नीतिहरुको उल्लंघन नभएको निर्धारण गर्न तथा प्रारम्भिक सोधपूछ पश्चात मुद्दा टुङ्ग्याउंन।

**घ. विद्यमान अधिकारमाथी हदबन्दी नलगाईने:** कर्मचारीको अनुशासनिक अधिकारी वा सुपरभाईजरलाई मामिला सुम्पिने। आवश्यकता अनुसार अनुशासनिक कारवाही थालनी वा लागू गर्न, समाधान प्रक्रियाहरुले अनुशासनिक अधिकारीको अख्तियारमा हदबन्दी लगाउंदैन।

**ङ. अन्य संप्रेषण/हस्तांतरण:** क्याम्पसमा रहेका अन्य उचित कार्यलय(हरु)लाई, लागू–नीतिको क्षेत्राधिकार भित्र उजुरी पर्ने/नपर्ने निर्धारण गरि, सूचित मामिलाहरुको सम्बोधन गर्न/गराउन सक्ने क्याम्पस भित्र रहेका अन्य उपयुक्त कार्यालय(हरु)लाई उजुरीको संप्रेषण/हस्तांतरण गर्ने।

2. **उपचारात्मक र रक्षात्मक उपायहरुः** यथोचित तवरले उपलब्ध रहे अनुसार तथा उचित विश्वविद्यालय अधिकारीले निर्दिष्ट गरेनुसार, सबै पक्षलाई सुरक्षा प्रदान गर्न तथा प्रक्रियाको कुनै पनि चरणमा सबै पक्षहरुले विश्वविद्यालयको रोजगार, शैक्षिक कार्यक्रम तथा कार्यकलापहरुमा निरन्तर पहुँच कायम राखिराख्न, विश्वविद्यालयले उपायहरु कार्यान्वयन गर्नेछ।

ति उपायहरुमा, उपचारात्मक (समर्थता तथा शैक्षिक वा रोजगारका अवसरहरुमा निरन्तर पहुँच तथा समर्थतालाई सम्बोधन गर्न निर्मित) वा रक्षात्मक (संलग्न पक्षहरु र/वा समुदायको सुरक्षा सुनिश्चित गर्न चालिने कदमहरु), दुबै हुन सक्दछन।

कुनै पनि छात्र–छात्रालाई शिक्षाको सुबिधाबाट वंचित नगराउन हरेक प्रयत्नहरु गरि, ब्यक्तिगत मूल्याङ्कन पश्चात उपचारात्मक र/वा सुरक्षात्मक उपायहरु उपयुक्त रहने/नरहने कुरा निर्धारण गरिने।

रक्षात्मक उपचारको विधि, जसमा प्रतिवादीको पँहुच वा अधिकारमाथी प्रतिबन्ध लाग्न सक्ने हुनाले, औपचारिक न्याय प्रक्रिया थालनी वा पूर्ण नहुन्जेल, अन्तरिम कारवाही उचित रहेको निर्धारण गरिएको अवस्थामा बाहेक, उपलब्ध नहुन सक्दछ। तल पढ्नुहोला:

उपचारात्मक र रक्षात्मक उपायहरु जुन उपलब्ध हुन सक्दछ तर त्यतिमा मात्र सीमित नरहने:

- शैक्षिक सेवा (पक्षलाई कुनै पाठ्यक्रम दोहोर्याउन व्यवस्था गर्ने, प्रासंगित अनुपस्थितिहरुलाई माफ गर्ने, वा दण्ड–जरिवाना बिना कक्षा त्याग गर्न दिने)
- चिकित्सकिय सेवामा पहुँच
- परामर्श सेवामा पहुँच
- रोजगारीमा संशोधन
- यातायातमा फेरबदल
- विश्वविद्यालयबाट लागू गरिएको सम्पर्क निषेधको आदेश
- विकल्पहरुको छलफल र फौज्दारी र नागरिक सुरक्षा वा आपतकालीन प्रतिबन्धको आदेश प्राप्त गर्ने स्थानहरबारे जानकारी दिने

• क्याम्पसभित्र वा अन्यत्र आवासीय पुनर्स्थापन

• कक्षामा परिवर्तन, वा अन्तरिम बहिष्करण

• अन्तरिम बहिष्करण आदेश (पुरै क्याम्पस वा केही हिस्सामा मात्र लागू हुने)

• अन्तरिम विद्यार्थी निलम्बन (भाग H (3) पढ्नुहोला)

• मानव संसाधन प्रमुख वा पदाधिकारी र नियुक्ति गर्ने/अनुशासन अधिकारी संग परामर्श पश्चात कर्मचारीलाई प्रशासनिक विदा

• मानव संसाधन प्रमुख वा पदाधिकारी र नियुक्ति/अनुशासन अधिकारी संग परामर्शमा रहेका कर्मचारीको निरिक्षणात्मक वा मूल्यांकन गर्ने अधिकारबाट अस्थायी निलम्बन

व्यवाहारिक भएसम्म, प्रदान गरिएका उपचारात्मक तथा रक्षात्मक विधिहरुसंग सम्बन्धित सबै पक्षहरुका सम्बन्धित गोपनियतालाई जोगाईराख्ने, तथा सो रक्षात्मक प्रावधानहरुको उल्लंघन भए/रहेको खण्डमा, विश्वविद्यालयबाट त्यसको सम्बोधन तत्काल गरिनेछ। सो विधिहरु न्यायिक प्रक्रिया पूर्ण नहुन्जेल कार्यान्वन रहिरहने, थप जानकारी पेश गरिएको अवस्थामा संशोधन वा खारेज गरिने, वा उपयुक्त रहेको खण्डमा स्थायीरुपमा लम्ब्याउन सकिनेछ।

OIEC समाधान प्रक्रियाका सहभागीहरुले, उपचारात्मक र/वा रक्षात्मक विधिहरुका लागि, उपचारात्मक तथा रक्षात्मक विधि निर्देशक वा पदासिन अधिकारीलाई निवेदन बुझाउन सक्नेछन्। उपचारात्मक तथा रक्षात्मक विधि निर्देशक वा पदासिन अधीकारीले सो निवेदनहरु तथा त्यस्ता कुनै विधिहरुका प्रावधानहरुको रेखदेख गर्नेछन। उपलब्ध सम्पूर्ण जानकारीहरुका आधारमा कुनै उपचारात्मक र/वा रक्षात्मक विधिको औचित्य रहे/नरहेको, साथै ति विधिहरु उचित हिसाबमा उपलब्ध रहे/नरहेको, लगायत उपचारात्मक वा रक्षात्मक विधिका प्रावधान सम्बन्धि कुनै चिंता रहेमा त्यसलाई सम्बोधन गर्न वादी वा प्रतिवादीसंग भेटवार्ता गरि, उपचारात्मक तथा रक्षात्मक विधि निर्देशक वा पदाधिकारीले सुनिश्चित गर्ने अधिकार रहन्छ।

3. **अन्तरिम विद्यार्थी निलम्बनः** व्यक्तिगत सुरक्षा तथा जोखिम विश्लेषण पश्चात, कुनै एक बिद्यार्थीको उपस्थितिले छात्र–छात्राहरु वा कर्मचारीहरुको स्वास्थ्य तथा सुरक्षामा खतरा खडा गर्न सक्ने कुनै बिद्यार्थीमाथी उपचारात्मक तथा रक्षात्मक विधि निर्देशक वा पदाधिकारीले अन्तरिम निलम्बन (अनलाइन र/वा कक्षा–उपस्थितिमा पनि लागू हुने) को उपाय लागू गराउने अख्तियार रहन्छ। सुरक्षा र जोखिम विश्लेषणमा ध्यानमा राखिने निम्न कारक–तत्त्वहरु रहन्छन्:

• कथित आचरणको गंभीरता;

• कथित आचरणको घटनास्थल;

• पक्षहरुमा शैक्षिक वा आवासीय असर;

• कथित दोषीले यौन वा अरु हिंसाका थप कार्य गर्न सक्ने जोखिम;

• कथित दोषीले कथित पिडित वा अरुलाई थप यौन वा अन्य हिंसाको धम्की दिए/नदिएको;

• कथित दोषी विरुद्ध अन्य कुनै दुराचारको उजुरी भए नभएको वा कथित दोषीको पुरानो पक्राउ परेको इतिहास भए नभएको वा पूर्व–विद्यालयको रेकर्डमा ज्ञात यौन वा अरु हिंसाको इतिहास भए नभएको;

• एक भन्दा बढी कथित पिडित र/वा दोषी रहेको अवस्था;

• कथित आचरण कथित पिडितको असक्षमता (मदिरा, लागू पदार्थ, अपांगता, बेहोशी वा अन्य माध्यमबाट) का कारण भए/नभएको;

• कथित आचरण बल, हिंसा वा हतियारको बललमा भए/नभएको;

• कथित पिडित नाबालिग रहे/नरहेको;

• कथित आचरणमा (कथित दोषीको बाट, कुनै समूह वा संगठनको, कुनै घटना–स्थिति विशेष वरपर घट्ने, र/वा कुनै स्थानविशेषमा) अपराधको समान ढाँचा देखिने/नदेखिने; र/वा

• अरु कुनै शिकारी–मानसिकताका लक्षणहरु वा उत्तेजक समयावस्था रहेको

अन्तरिम निलम्बनको अवस्थामा, विद्यार्थीलाई कथित निषेधित आचरणको मौखिक र/वा लिखित सूचना प्रदान गरिने तथा, विद्यार्थीको ईच्छा रहेमा, उपचारात्मक र रक्षात्मक विधि निर्देशक वा पदाधिकारीलाई भेट्ने मौका दिइनेछ। अन्तरिम निलम्बनको सूचना जारी गरिएको मितिबाट १० दिन भित्र, अन्तरिम निलम्बनको निर्णयलाई चुनौती गर्न भेटवार्ताको रुपमा, वा फोन, वा लिखित वक्तब्य मार्फत जवाफी खण्डन पेश गर्ने मौका, उपचारात्मक र रक्षात्मक विधि निर्देशक वा पदाधिकारीले सुनिश्चित गर्नेछन। अन्तरिम निलम्बनको समीक्षा गर्ने १० दिनको म्याद समाप्ति पश्चात, निर्देशकको निर्णयनुसार, थप भेटघाट/बैठकमाथी छेकबार लाग्ने भने छैन।

भेटवार्ता वा फोन मार्फत वार्तालापको लागि निवेदनको जिम्मेवारी प्रतिवादीको रहनेछ। प्रतिवादीलाई आरोपको सूचना तथा खण्डन गर्ने मौका प्रदान गरिए पश्चात, उपचारात्मक र रक्षात्मक विधि निर्देशक वा पदाधिकारीले अन्तरिम निलम्बन खारेजीको निर्णय गर्ने वा जारी राख्ने, संभवत औपचारिक न्यायिक प्रक्रिया पूर्ण नहुन्जेल सम्म, निर्णय गर्न सक्नेछन्। उपचारात्मक र रक्षात्मक विधि निर्देशक वा पदाधिकारीले, निम्न कारणहरु संलग्न हुन सक्ने तर त्यत्तिमा सीमित नरहने कुनै कारक–तत्त्वहरुका आधारमा, आचरणको प्रकृति/गंभीरता, पूर्व दुराचार, मौजूदा शैक्षिक प्रगति, तथा संकाय र/वा अनलाईन कक्षाहरुको उपलब्धिमा आधार रहि, कुनै अपवादहरु उपयुक्त हुने/नहुने कुरा पनि निर्धारण गर्न सक्नेछन। न्यायिक प्रक्रियाको क्रममा, छात्र–छात्रा तथा कर्मचारीहरुका स्वास्थ्य तथा सुरक्षाको जोखीम न्यूनीकरण गर्न सक्ने नौलो जानकारीहरु पेश गरिएको अवस्थामा, अन्तरिम रक्षात्मक विधिहरु पुनर्मूल्याङ्कन गर्न सकिनेछ।

4. **OIEC समता अधिकारीहरुः** उचित प्रशिक्षण प्राप्त, योग्य तथा अनुभवी कर्मचारीहरुबाट शीघ्र, न्यायोचित, तथा निष्पक्ष समाधानहरु कार्यान्वयन गरिनेछ। OIEC समता अधिकारीहरु तथा अनुसन्धान समीक्षा समिति सदस्यहरुले, बिद्यार्थीहरुको सुरक्षाको बचाव गर्ने, उचित प्रक्रियाको सुनिश्चितता गर्ने, जवाफदेहिता प्रवर्दन गर्ने, तथा यौन आक्रमणका अन्य घटनाहरु, अंतरंग संगी दुर्व्यवहार, पछ्याउनु, यौन शोषण, यौन उत्पीडन, आरक्षित वर्ग भेदभाव तथा उत्पीडन, तथा प्रतिकार विषयक अनुसन्धान तथा न्यायिक प्रक्रिया सम्बन्धित बार्षिक तालिम प्राप्त गर्न/गराउन सह उपकुलपति वा पदाधिकारीले सुनिश्चित गर्नेछन्। OIEC सह उपकुलपति वा पदाधिकारीले, विशिष्ट अवस्थाहरुमा आधारित तथा आवश्यकता अनुसार, हरेक मुद्दाहरुमा एक वा एक भन्दा बढी समता अधिकारीहरुको नियुक्ति निर्धारण गर्नेछन्।

5. **बाह्य अन्वेषकः** OIEC सह उपकुलपति वा पदाधिकारीले अन्य ब्यक्तिहरुलाई (प्रशासक सहित, विश्वविद्यालयको आन्तरिक वा बाह्य स्रोतबाट) न्यायिक प्रक्रिया संचालन वा सहायताको लागि वा वैकल्पिक समाधान प्रक्रियाको व्यवस्थापनका लागि, नियुक्त गर्न सक्नेछन्। समाधानका त्यस्ता बाह्य स्रोतहरुको आवश्यकता पैदा गर्न सक्ने, स्वार्थको द्वन्द, पूर्वाग्रहको आक्षेप, वा कामको दबाब र यतिमानै सीमित नरहने, परिस्थितिहरु हुन सक्छन। उक्त समयमा उपलब्ध जानकारीहरु तथा तत्कालिन अवस्थाहरुको आधारमा, सह उपकुलपति वा पदाधिकारीले बाह्य अन्वेशक(हरु) आवश्यक र तर्कसंगत रहे/नरेहको निर्धारण गर्ने अधिकार कायम रहन्छ। OIEC सह उपकुलपति वा पदाधिकारीको मूल्याङ्कन अनुरुप, पर्याप्त प्रशिक्षण, योग्यता तथा अनुभव प्राप्त गरेका बाह्य अन्वेशक(हरु) शीघ्रताका साथ न्यायोचित तथा निष्पक्ष अनुसन्धान वा वैकल्पिक समाधानका प्रक्रिया संचालन गर्न सहयोगी हुनेछन्। आरोप सम्बोधन गर्न नियुक्ति गरिएका कुनै पनि बाह्य अन्वेशक(हरु)ले समाधान प्रक्रियाका आवश्यकताहरुको पालना गर्ने तथा OIEC सह उपकुलपति वा पदाधिकारिसंग, अनुसन्धान वा वैकल्पिक समाधान प्रक्रियाका प्रगतिको विषयमा नियमितरुपमा विचार–विमर्श गर्नुपर्नेछ।

6. **औपचारिक न्यायिक प्रक्रियाः** आरोपित दुराचार, प्रमाणित भएको खण्डमा, लागू–नीति अन्तर्गतका प्रतिबन्ध अनुसार निषेधित भए/रहेको हुन आए, औपचारिक न्यायित प्रक्रियाद्वारा OIEC ले सो आरोपको समाधान गर्ने/गराउनेछ। OIEC ले औपचारिक न्यायिक प्रक्रिया निम्न अवस्थामा अघि बढाउन अस्वीकार गर्न सक्नेछन्, यदि: क) औपचारिक न्यायिक प्रक्रिया अघि नबढाउन वादीले निवेदन गरेको खण्डमा, तथा ख) सुरक्षित तथा भेद–भाव रहित वातावरण प्रदान गर्ने विश्वविद्यालयको दायित्त्व सम्मत रहि वादीको निवेदनलाई मान्यता प्रदान गर्ने OIEC ले निर्धारण गरेको खण्डमा (माथी रहेको भाग F (४) हेर्नुहोला)

औपचारिक न्यायिक प्रक्रियाको लागि दर्ता भएका मामिलाहरुलाई शीघ्र, न्यायोचित तथा निष्पक्ष समाधान प्रदान गर्ने OIEC कटिबद्ध छ। औपचारिक न्यायिक प्रक्रियाका तीन चरणहरु हुनसक्नेछन्: अनुसन्धान, प्रतिबन्ध, तथा पुनरावेदन, निम्न व्याख्या अनुरुप तथा उचित रहेनुसार। वादी(हरु) तथा प्रतिवादी(हरु)लाई आफ्ना तर्कहरु पेश गर्न तथा सम्पूर्ण प्रासंगिक जानकारीहरुप्रति प्रतिक्रिया दिने मौका प्रदान गर्ने हेतु,समता अधिकारीहरुले हरेक पक्षसंग छुट्टा–छुट्टै अन्तर्वाता लिनेछन्। उपलब्ध रहेनुसार समता अधिकारीहरुले, निम्नानुसार तर त्यतिमा सीमित नरहि, थप सबूत–प्रमाणहरुको समीक्षा गर्ने; साक्षीसंग अन्तर्वार्ताको आयोजना, दस्तावेज संकलन, तथा भिडियो सामग्रीहरुको समीक्षा।

वादी(हरु) तथा प्रतिवादी(हरु) दुबैपक्षले निम्न न्यायोचित अवसरहरु पाउनेछन्:

- वादी(हरु) वा प्रतिवदी(हरु) विरुद्ध कुनै पूर्वाग्रह वा स्वार्थको द्वन्द नरहेका/नभएका प्रशिक्षित समता अधिकारीहरुद्धारा न्यायोचित प्रक्रिया संचालन गरिनेछ। कुनै अधिकारीलाई आफ्नो निष्पक्षता, वादीह(हरु) वा प्रतिवादी(हरु) विरुद्ध सो अधिकारीको ब्यक्तिगत पूर्वाग्रह वा पक्षपात रहेको कारणले, वा सो अधिकारीको कुनै एक पक्षसंग ब्यक्तिगत वा पेशागत संबन्ध रहेको जसको कारण सत्य–तथ्यको सोधखोज निष्पक्षरुपमा सेवा गर्ने सो अधिकारीको क्षमतामा प्रतिकूल असर पर्ने संभावना रहेको, माथी कुनै स्वतन्त्र समीक्षकले तर्कसंगत प्रश्न उठाउन सक्ने लागेमा, सो अधिकारीले त्यस्ता न्यायिक प्रक्रियामा आफ्नो संलग्नता अस्वीकार गर्नु पर्दछ।

- न्यायिक प्रक्रियाको थालनी हुनु अगावै वा विचारधीन अवस्थामा अन्तरिम विधिहरु प्रदान गरिने। अन्तरिम विधिहरुको प्रायोजन, उपचारात्मक तथा रक्षात्मक विधि निर्देशक वा पदाधिकारीले उचित ठानेको तथा उपयुक्तरुपमा उपलब्ध रहेको अवस्थामा, संभव रहेको खण्डमा शैक्षिक वा रोजगारको वातावरण कायम गरिराख्ने रहेको हो, साथै यसमा निम्न व्यवस्थाहरु पनि सम्मिलित हुन सक्ने; परामर्श, समायवधी वृद्धि, वा शैक्षिक–कक्षा सम्बन्धित समायोजनहरु, कक्षा वा कार्य–तालिकामा हेरफेर, ब्यक्तिगत सुरक्षाकर्मी तैनाथ गर्ने, पक्षहरुबिचको सम्पर्कमा बन्देज लगाउने, आवास वा कार्यस्थलमा फेरबदल, गैरहाजिरी छुट्टी, क्याम्पस परिसरका केहि स्थलहरुमा निगरानी वा थप सुरक्षा तैनाथ गर्ने, तथा अन्य समान व्यवस्था/समायोजनहरु। उपचारात्मक तथा रक्षात्मक विधि निर्देशक वा पदाधिकारीले संकलन गरेका जानकारीहरुमा आधार रहि, अन्तरिम विधिहरु वैयक्तिक तथा यथोचित हुनुपर्ने;

- अंतर्वार्तामा अर्थपूर्ण सहभागिताको लागि पर्याप्त समयावधी सहित तयारी गर्नका लागि सहभागी हुनु अघि समयमै उनीहरुले सूचना प्राप्त गर्नु;

- यथोचित हिसाबले द्रुत समयावधीको प्रक्रिया, सही उद्देश्यका लागि म्याद वृद्धि हुने गरि, देहाय बमोजिम;

- प्रमाण तथा पहिचान गर्ने साक्षीहरु लगायत प्रासंगिक व्यहोराहरु समता अधिकारी(हरु) समक्ष पेश गर्ने;

- उनीहरुका रोजाई अनुरुप, वकील, अधिवक्ता, वा अनुसन्धानको संभावित साक्षी नरहेको वा अनुसन्धानमा धक्का पुर्याउन सक्ने संभावना नरहेका कुनै एक ब्यक्ति लगायतका एकजना सल्लाहकार, औपचारिक न्यायिक प्रक्रियामा सल्लाह–सुझाव तथा सहयोग प्रदान गर्ने, साथै त्यस्मा सीमित नरहने गरि, OIEC का अधिकारीहरुसंग कुनै पनि छलफलका लागि उपस्थित रहन नियुक्त गर्नु। छानवीनमा सहभागी कुनै पनि ब्यक्तिप्रति उत्पीडन वा प्रतिशोधका व्याख्या लागू हुने काम–कर्तब्यमा सल्लाहकार सहभागी हुन नहुने, तथा उत्पीडन वा प्रतिशोधात्मक आचरणहरु गरे/रहेको अवस्थामा अगाडि थप प्रक्रियामा सहभागीताबाट प्रतिबन्धित हुन सक्नेछ;

- प्रासंगिक जानकारीहरु लगायत साक्षीका परिचयहरु, तथा वादी(हरु), प्रतिवादी(हरु), साक्षीहरु, तथा अनुसन्धानको क्रममा संकलित अन्य दस्तावेजहरुमा, कुनै पक्षलाई जानकारी प्रदान/खुलासा गर्न विश्वविद्यालयलाई कानूनले निषेध गरेको अवस्थामा बाहेक, समयसापेक्ष तथा समान पँहुच;

- अनुसन्धानात्मक निष्कर्ष वा परिणाम आउनु अघि, अनुसन्धानको चरणमा संकलन गरिएका प्रासंगिक तथा वस्तुगत तथ्यहरुका लिखित प्रमाण सारांश (भाग H(६)(a)(ii)हेर्नुहोला)को समीक्षा गर्न तथा प्रतिक्रिया दिन;

- लिखित प्रमाण सारांश प्रसार पश्चात तथा अनुसन्धानात्मक निष्कर्षमा पुग्नु वा परिणाम आउनु पूर्व, विपक्षी वा साक्षीलाई सोधिने प्रश्नहरुका सूची समता अधिकारी(हरु)लाई बुझाउने; सम्पूर्ण प्रासंगिक प्रश्नहरुको जवाफ प्रदान गर्ने तथा अप्रासंगिक रहेको आधारमा कुनै प्रश्न असंलग्न गरिएमा सो निर्णयको स्पष्टीकरण, समता अधिकारी(हरु)ले प्रदान गर्ने (निम्न भाग H(६)(d)(i)हेर्नुहोला);

- कुनै पनि अनुसन्धानात्मक निष्कर्ष वा नतिजामा पुग्नु पूर्व, अनुसन्धानको अंशको रुपमा संकलन गरिएका, साथसाथै OIEC ले निर्णयका लागि प्रयोग गर्ने आशय नरहेका, निषेधित गरिएको वा कानून अनुरुप गोप्य रहने अवस्थामा बाहेक, सम्पूर्ण जानकारी वा सबूत–प्रमाण समेटिएको, मुद्दाको फाइल निरीक्षण गर्ने;

• निर्णायक अनुसन्धानात्मक निष्कर्षहरु जारी गर्नु अघि, अनुसन्धान समीक्षा समितिबाट आन्तरिक समीक्षा गर्ने;

• अनुसन्धानात्मक चरणको समाप्ति पश्चात, अनुसन्धान नतीजाको समवर्ती सूचना तथा निर्णायक अनुसन्धान प्रतिवेदनका सूचनाका प्रतिलिपि लिखितरुपमा प्राप्त गर्ने;

• उपयुक्त रहेको अवस्थामा, प्रतिबन्ध लागू गर्नु अघि, भड्काउने वा न्यूनीकरण कारकहरुका बारेमा जानकारी प्रदान गरिने;

• उपयुक्त रहेको अवस्थामा, लागू गरिएका कुनै पनि प्रतिबन्धका सूचना, तथा ति प्रतिबन्धहरुका आधारका बारेमा विवरण सहित, लिखितरुपमा प्रदान गरिने;

• भाग H(g) वा भाग H(h)मा व्याख्या गरिए अनुसार, उचित रहेमा, अनुसन्धानात्मक निष्कर्षहरु वा लागू गरिएका प्रतिबन्धमाथी पुनरावेदन दिन सकिनेछ;

**a. अनुसन्धानका प्रमुख चरणहरु**

i. अनुसन्धानको सूचना (NOI)

औपचारिक न्यायिक प्रक्रिया शुरु भएको अवस्थामा, OIEC ले वादी(हरु) र प्रतिवादी(हरु)लाई अनुसन्धानको सूचना पठाउनेछ, जसमा:

• OIEC समाधान प्रक्रियाको प्रतिलिपी उपलब्ध हुनेछ;

• वादी(हरु) र प्रतिवादी(हरु)को पहिचान गरिएको हुनेछ;

• अनुसन्धान गर्ने समता अधिकारी(हरु)को पहिचान गरिने छ;

• ज्ञान भएसम्म तथा उपलब्ध रहेसम्मको आरोपित घटना घटेको मिति तथा स्थान लगायत संभावित उल्लंघन रहन जाने आचरणको पहिचान गरिने,

• उल्लंघन भएको भनिएको लागू नीति अन्तर्गतका खण्डको पहिचान गरिने;

• अनुसन्धान सम्पन्न नभएसम्म कुनै पनि अवधारणा तयार नभएको वा नहुने खुलस्त गरिएको विवरण संलग्न गरिने;

• कुनै अन्तरिम रक्षात्मक विधि/व्यवस्था भए सो को पहिचान गर्ने; र

• प्रतिवादी(हरु)ले बैठकको समय तोक्नका लागि तीन (३) दिन भित्रमा OIEC संग सम्पर्क गर्ने आवश्यकता लागू गर्ने।

प्रतिवादी(हरु) र निवेदक(हरु)लाई अनुसन्धानको सूचना ईमेल मार्फत वा विश्वविद्यालयको सूचना प्रणालीमा रहेका स्थायी ठेगाना वा प्रहरी अभिलेखमा रहे अनुसारको ठेगानामा U.S. Mail हुलाक मार्फत पत्राचार वा हातहातै सुपुर्दगी गर्न सकिनेछ। सूचना हस्तान्तरण वा ईमेलमार्फत पत्राचार गरिएको मितिमा सूचनाको तामेली भएको/गरिएको मान्यता रहनेछ। कर्मचारी प्रतिवादीहरुको हकमा,[9] कर्मचारीको तह भन्दा माथीको एक तह उच्च वरियताकहाँ लगायत उपकुलपति तथा सो कर्मचारीका नियुक्ति/अनुशासनिक अधिकारी, साथसाथै मानव संसाधन कार्यालयले पनि, अनुसन्धानको प्रतिलिपि प्राप्त गर्नेछन्।
प्रतिवादीले न्यायिक प्रक्रियामा समावेश हुन नचाहेको अवस्थामा, अनुसन्धानको चरणमा प्राप्त गरिएका सूचना तथा जानकारीको सम्पूर्णताको आधारमा OIEC ले न्यायिक प्रक्रिया सम्पन्न गर्न सक्नेछ, जसमा प्रहरी अनुसन्धान प्रतिवेदन तथा अन्य प्रासंगिक दस्तावेज वा जानकारीहरु, र/वा प्रतिबन्ध तथा पुनरावेदनका चरणहरु पनि, लागू भए अनुसार, सम्मिलित हुनेछन्।

______________

[9] प्रतिवादी यदि बिद्यार्थी–कर्मचारी रहेको खण्डमा तथा आरोपित दुराचार रोजकारीको सिलसिला भन्दा बाहिर घटेको अवस्थामा, OIEC ले सो प्रतिवादीको तह भन्दा माथीको एक तह उच्च वरियताका सुपरभाईजरले मुद्दाको समाधानसंग सम्बन्धित जानकारीहरु थाहा रहनुपर्ने निर्धारण गर्न सक्नेछ।

ii. लिखित प्रमाण सारांशको खुलासा

तथ्य संकलन पश्चात, समता अधिकारी(हरु) ले उपयुक्त र वस्तुगत तथ्य सहितको लिखित प्रमाण सारांश, दुबै पक्षलाई समीक्षा तथा प्रत्युत्तर दिन सात दिन (७) दिनको म्याद रहने गरि, निवेदक(हरु) र प्रतिवादी(हरु)लाई पठाउनेछन। यो समयावस्थामा दुबै पक्षहरुले अनुसन्धानको पूर्ण फाइल निरिक्षण गर्न तथा साक्षीहरुमा पँहुच पाउनेछन्।

वादी(हरु) तथा प्रतिवादी(हरु) दुबैले, माथी भाग H (६)मा बताईए अनुसार, विपक्षी तथा साक्षीलाई सोधिने प्रश्नावली समता अधिकारी(हरु)समक्ष पेश गर्न सक्नेछन्। पेश गरिएका प्रश्नहरुमध्येबाट कुनै प्रश्न, सम्भावित प्रमाण फेला पार्न उपयुक्त हुने गरि उचित तवरबाट मूलयाङ्कन नगरिएको देखिएमा, संभावित जानकारीका महत्त्व को तुलनामा अन्यायपूर्ण पूर्वाग्रह वा समस्याहरुमाथी भ्रम शृजना गर्ने खतरा देखिएमा, वा अनुचित ढिला–सुस्ति हुने वा संचित प्रमाणहरुको अनावस्यक प्रदर्शन हुने देखिएमा, अप्रासंगिक रहेको निर्धारण गरि सोध्न अस्वीकार गर्न सक्नेछन्। कुनै पनि पक्षको पूर्व यौन इतिहास विषयक प्रश्नहरु साधारणतया सबूत–प्रमाणको रुपमा नहुने, तथा यौन दुराचार घटेको घटनासंग प्रत्यक्ष सम्बन्ध राख्ने परिस्थितिमामात्र सोधपूछ गरिनेछ। (भाग H(६)(d)(i) हेर्नुहोला)

iii. अनुसंधानात्मक प्रतिवेदन

लिखित प्रमाण सारांशको जवाफमा कुनै पनि प्रासंगिक जानकारी वा प्रश्नहरु पेश गरिएको तथा सो लगत्तै गरिएका अनुसन्धान लगायत तथ्य संकलनको समापन पश्चात,समता अधिकारी(हरु)ले लिखित अनुसन्धान प्रतिवेदन तयार पार्नेछन्, जसमा प्रक्रियात्मक कदमहरुका विवरणहरु समावेश रहने लगायत, पक्षहरुलाई प्रदान गरिएको कुनै पनि सूचनाहरु, साक्षात्कारहरु, प्रमाण संकलन विधिहरु, तथ्यगत निष्कर्षको विवरण, तथा तथ्यगत निष्कर्षको आधारमा लागू–नीति अन्तर्गतका नीति–नियमको उल्लंघन रहे/नरहेको ठहर गरिने।

बिद्यार्थी प्रतिवादीहरु सम्बन्धित अनुसन्धानको हकमा, प्रतिवादी(हरु)बाट लागू–नीतिका उल्लंघनमा जिम्मेवार रहे/नरहेको ठहर पनि अनुसन्धानात्मक प्रतिवेदनमा समावेश हुनेछ।

कर्मचारी प्रतिवादीहरु सम्बन्धित अनुसन्धानको हकमा, प्रतिवादी(हरु)बाट लागू–नीतिका उल्लंघनमा जिम्मेवार रहे/नरहेको निष्कर्ष पनि अनुसन्धानात्मक प्रतिवेदनमा समावेश हुनेछ। कर्मचारी प्रतिवादी लागू–नीतिका उल्लंघनको जिम्मेवार नभेटिएको अवस्थामा, औचित्य रहेको अवस्थामा, कर्मचारी प्रतिवादी(हरु)बाट अनुचित वा अव्यवसायीक आचरण भए/गरे/रहेको ठहर अनुसन्धानात्मक प्रतिवेदनमा समावेश हुन सक्दछ। त्यस्ता घटनामा, OIEC ले सो मामिला अनुशासनिक अधिकारीलाई सुम्पने, जसले उपयुक्त कारवाही वा प्रतिक्रियाको निर्धारण गर्नेछन्।

कानूनीरुपमा पूूर्ण रहे/नरहेको समीक्षा गर्न OIEC ले अनुसन्धानात्मक प्रतिवेदन विश्वविद्यालय परामर्ष कार्यालय (Office of3 University Counsel)मा पेश गर्न सक्नेछन्।

iv. अनुसन्धान समीक्षा बोर्डसमक्ष विवरण पेश

अनुसन्धानात्मक प्रतिवेदन समीक्षाको लागि अनुसन्धान समीक्षा परिषद समक्ष पेश गरिने। अनुसन्धान समीक्षा परिषदका सदस्यहरु OIEC मा असंलग्न कर्मचारीहरु हुने, तथा OIEC समाधान प्रक्रियाहरुका प्रयोग तथा कार्यान्वयन सम्बन्धित उपयुक्त प्रशिक्षण प्राप्त हुनेछन्। अनुसन्धान समीक्षा परिषद्ले अनुसन्धान प्रतिवेदनको समीक्षा, समता अधिकारी(हरु)का पूर्वाग्रह तथा निष्पक्षता, निष्कर्षहरुको समर्थन गर्न अनुसन्धानको सूक्ष्मता तथा पर्याप्तताको समीक्षा गर्न, गरिनेछ। अनुसन्धान दस्तावेजमा भएका कुनैपनि जानकारीहरु, समता अधिकारी(हरु)संग परामर्ष गर्न सक्ने, वा थप अनुसन्धान गर्न/गराउन सिफारिस गर्ने वा उही वा अन्य समता अधिकारी(हरु)द्वारा नौलो अनुसन्धान गर्न/गराउन, अनुसन्धान समीक्षा परिषद्ले समीक्षा गर्न सक्ने। अनुसन्धान समीक्षा परिषद्ले आफै अनुसन्धान गर्ने/गराउने छैन।

v. निष्कर्षको सूचना (NOF)[10]

समाधान प्रक्रियाहरु अन्तर्गत संचालित अनुसन्धान निष्कर्ष वा परिणामका लिखित सूचना OIEC ले वादी(हरु) तथा प्रतिवादी(हरु)लाई एकै साथ प्रदान गर्नेछ। अन्तिम अनुसन्धानात्मक प्रतिवेदनको एक प्रति वादि(हरु) तथा प्रतिवादी(हरु)लाई

प्रदान गरिनेछ। त्यसको अतिरिक्त, कर्मचारी प्रतिवादीहरु सम्बन्धित अनुसन्धानको मामिलामा, सो प्रतिवादीका सुपरभाईजर तथा नियुक्ति/अनुशासत्मक अधिकारीले पनि अनुसन्धानात्मक प्रतिवेदनको एक प्रति प्राप्त गर्नेछन्।[11]
निष्कर्षको सूचनाले पक्षहरुलाई, उपयुक्त रहेनुसार, प्रक्रियाको आगामी कदमको बारेमा पनि सूचना प्रदान गर्नेछ।

**b. समयसीमा**

अनुसन्धानको सूचना जारी भए पश्चात, औसत नब्बे (९०) दिन भित्र, उपयुक्त रहेको अवस्थामा, अनुसन्धान टुङ्ग्याउने तथा प्रतिबन्ध जारी गर्न, विश्वविद्यालयले हर संभव प्रयास गर्नेछ। यद्यपि सही कारणहरु रहेको अवस्थामा सो समयसीमा लम्ब्याउन सकिनेछ।

सही कारणहरु हुन/रहन सक्ने थुप्रै कारक–तत्त्वहरु हुन सक्छन, जस अन्तर्गत हरेक आक्षेपका परिस्थितिको जटिलता (उदाहरणका लागि: रोजगारीमा भेदभावका मुद्दाहरु तथा केही आरक्षित वर्ग उत्पीडनका अनुसन्धानहरुमा अतिरिक्त समय लाग्न सक्दछ) लगायत, अनुसन्धानको निष्ठा तथा पूर्णता, कानून प्रवर्तकका अनुरोध सम्मत, वा प्रासंगिक प्रमाण सामग्रीहरु फेला पार्न सक्ने संभावना रहेका कानून प्रवर्तकका मौजूदा गतिविधि, पक्षहरुका अनुपस्थिति, साक्षीहरुका उपलब्धता, अनुवाद सेवा प्रदान गर्नु पर्ने आवश्यकता वा असक्षमहरुलाई समायोजन गर्नुपर्ने आवश्यकता, विश्वविद्यालयका विश्राम वा बिदाको समय, तत्काल उपलब्ध नरहेका प्रासंगिक तथा अनुसन्धानात्मक कागजातहरु प्रबन्ध गर्नुपर्ने आवश्यकताहरु, वा अन्य वैध कारणहरु।

उचित रुपमा शीघ्रता प्रक्रिया प्रदान गर्नाकालागि, वादी(हरु) तथा प्रतिवादी(हरु) हरेकल, अनुसन्धानको क्रममा तथा माथी उल्लेख गरिएनुसार, OIEC ले अनुरोध गरेको म्यादको अनुपालन गर्ने जिम्मेवारी रहने छ। म्याद थपको लागि सुबिधा सही कारणहरु प्रदर्शन गर्नसकेको अवस्थामा मात्र प्रदान गरिने, साथै सबै पक्षलाई म्याद थप वा ढिलाईको विषयमा, यथोचित रहे, लिखित सूचना प्रदान गरिने, तथा सो म्याद थप वा ढिलाईका कारणहरु खुलाइएको हुनेछ।

**c. समीक्षाको मापदण्ड/प्रमाणको बोझ**

सम्पूर्ण मुद्दाहरुमा लागू हुने, जुनै सुकै आरोप(हरु)को अवस्थामा वा प्रतिवादी बिद्यार्थी वा कर्मचारी रहेको अवस्थामा, OIEC ले "प्रमाणको बाहुल्यता"को मापदण्डलाई आधार बनाई नीति उल्लंघन भए/नभएको निष्कर्षमा पुग्न सत्य–तथ्यहरुका निचोड प्रयोगमा ल्याउनेछ। सबूत–प्रमाणको समग्रताले आरोपित आचरण सत्य हुनसक्ने संभावना अधिक रहेनसक्ने देखाएको अवस्थामा "प्रमाणको बाहुल्यता" परिचालनमा आउंदछ। दुबै पक्षका प्रमाणहरुका वजन बराबरी भई समता अधिकारी(हरु)ले कुनै एक पक्षमा प्रमाणको बाहुल्यता भएको/रहेको निर्णय गर्न असमर्थ हुन पुगेको अवस्थामा, लागू–नीतिको उल्लंघन भएको निर्णय गर्न पर्याप्त सबूत–प्रमाणको अभाव रहेको समता अधिकारी(हरु)ले निर्धारण गर्नुपर्नेछ।

प्रमाणको बाहुल्यताको मापदण्ड लागू गर्नका लागि, समता अधिकारी(हरु)ले प्रत्यक्ष वा परिस्थितिजन्य प्रमाणहरु दुबैलाई ध्यानमा राख्न सक्नेछन्। पक्षहरु तथा साक्षीकहरुो विश्वसनीयता तथा वजन निर्धारण गर्न, तिनका ज्ञानको श्रोत, स्मरणशक्ति तथा अवलोकनका अवसरहरु, तिनका बयानहरु तर्कसंगत रहे/नरहेको, बयानमा स्थिरता वा स्थिरताको कमि रहेको, तिनका नियतहरु, तिनका बयान उनीहरुका सबूत–प्रमाणले पूष्टि गरेको/नगरेको, पूर्वाग्रह, पक्षपात वा स्वार्थका संकेत–प्रमाणहरु, तथा बयान दिंदाको समयमा ब्यक्तिको हाउभाउ वा मुद्राहरुलाई मध्यनजर गर्न सक्नेछन्।

उपलब्ध जानकारीहरुको सम्पूर्णता रहे/नरहेको आधारमा प्रमाणको बाहुल्यता को मापदण्डमा रहे नरहेको निर्धारण गर्ने दायित्त्व, पक्षहरुको नभई, OIEC को हो। कुनै पनि पक्षले प्रमाणको भार खप्नु पर्ने छैन।

---

[10] OIEC समाधान प्रक्रियाहरु अन्तर्गत फेला परेका सूचनाहरु, राज्य तथा संघीय कानून स्तर अनुरुपका जानकारीहरुको रुपमा नहुने, अर्थात नीति उल्लंघनलाई समान अवसर कानूनको उल्लंघनको रुपमा हुन आउने छैन।

[11] प्रतिवादी यदि बिद्यार्थी–कर्मचारी रहेको खण्डमा तथा आरोपित दुराचार रोजकारीको सिलसिला भन्दा बाहिर घटेको अवस्थामा, OIEC ले सो प्रतिवादीको तह भन्दा माथीको एक तह उच्च वरियताका सुपरभाईजरले मुद्दाको समाधानसंग सम्बन्धित जानकारीहरु थाहा रहनुपर्ने निर्धारण गर्न सक्नेछ।

**d. स्पष्टताको मापदण्ड**

vi. i. यौन दुराचारको मुद्दामा यौन इतिहास

वादी वा प्रतिवादीका अप्रासंगिक जानकारीहरु, OIEC बाट खोजतलास वा विचारणीय हुने छैन। शारीरिक चोटपटक वा आघात वा समर्थन सहित स्वीकृति दिने/लिने माध्यम वा तरिकाको सम्बन्धमा वादीले उठायका प्रसंगहरुसंग सम्बन्धित प्रश्नहरु खडा भएको अवस्थामा, प्रासंगिक जानकारी अन्तर्गत वादी र प्रतिवादी बिच विगतमा भए/रहेका यौन इतिहास पर्न सक्दछ।

vii. ii. प्रतिवादीको पुराना आचरणहरु / ढाँचा प्रमाण

उपलब्ध रहेको अवस्थामा, प्रतिवादीबाट विगतमा भए/गरेका दुराचारहरु विरुद्ध परेका उजुरीहरु आरोपित आचरणको मुद्दासंग सम्बन्ध राख्ने तथा अनुसन्धानात्मक संभावना रहने भेटिएमा, वा बानीब्यहोराको ढाँचा उजागर गर्ने रहेमा, OIEC ले सो विगतका उजुरीहरुको समीक्षा गर्नेछ। प्रासंगिक तथा अनुसन्धानात्मक रहेको खण्डमा, विगतका सो उजुरीहरु अन्तरिम रक्षा विधिहरु जारी गर्ने आधारको रुपम प्रयोग गर्न सकिनेछ।

**e. विद्यार्थी प्रतिवादीहरुका प्रतिबन्ध अनुमोदन प्रक्रिया**

अनुसन्धान पश्चात नीति उल्लंघन रहेको निष्कर्षमा पुगेका मुद्दाहरुको हकमा, सो मुद्दा–मामिलाका निष्कर्षको सूचना सह उपकुलपति तथा समता अधिकारी(हरु) मार्फत प्रतिबन्ध अनुमोदन परिषदलाई सुम्पिइने छ। लागू–नीतिका उल्लंघन रहे/भएको फेला नपरेको अवस्थामा, बिद्यार्थी आचार संहिता वा आनर आचरण संहित तथा प्रक्रियाहरु अन्तर्गत बिद्यार्थीका अन्य दुराचारहरुमाथीका अनुशासनिक कार्वाहीहरु रोकथाम गर्ने प्रावधान नरहने।

प्रतिबन्ध अनुमोदन परिषद तीन सदस्यहरुका संयोजनमा रहन्छ, सामूहिक रुपमा जसले बिद्यार्थी प्रतिवादीहरुमाथी प्रतिबन्धहरु अनुमोदन गर्ने/गराउने अधिकार रहेको तथा भेदभाव, उत्पीडन र/वा यौन दुराचारका घटनाहरु सम्हाल्ने ईजाजत रहेको हुन्छ। कुनै प्रतिबन्धको सम्बन्धमा सो परिषदले वादी(हरु) तथा प्रतिवादी(हरु)लाई एकैसाथ सूचना दिने तथा सर्वसम्मत निर्णय पारित गर्नेछन्।

OIEC का उपचारात्मक तथा रक्षात्मक विधि निर्देशक वा पदाधिकारी, बिद्यार्थी प्रतिवादीहरुका लागि प्रतिबन्ध अनुमोदन परिषदका सदस्य तथा अध्यक्ष रहने तथा प्रतिबन्ध अनुमोदन परिषदमा सेवा प्रदान गर्न OIEC संग सम्बन्ध नरहेका थप दुई विश्वविद्यालय कर्मचारीहरुलाई नियुक्त गर्नेछन्। प्रतिबन्ध अनुमोदन परिषदमा सेवा प्रदान गर्ने विश्वविद्यालयका कर्मचारीहरुले, लागू–नीतिहरु तथा प्रतिबन्ध अनुमोदन निर्णय सम्बन्धित कारक–तत्त्वहरु विषयक, उपयुक्त प्रशिक्षण प्राप्त गरेका हुनेछन्।

निष्कर्षको सूचनाको **सात (७) दिने म्याद भित्र**, वादी(हरु) तथा प्रतिवादी(हरु) दुबैले प्रतिबन्ध अनुमोदनमा प्रभाव पार्न सक्ने आचरण सम्बन्धित भड्किने/भड्काउने वा साम्य पार्न पुगेका कारक–तत्त्वहरु परिषदको सामु पेश गर्ने मौका पाउनेछन्। पक्षहरुले परिषदका सदस्यहरुसंग भौतिक रुपमा भेटवार्ता गर्न वा सो जानकारीहरु लिखितरुपमा पेश गर्न सक्नेछन्। भौतिक भेटवार्ताको लागि, उचित रहेनुसार, परिषदले हरेक पक्षसंग बेग्ला–बेग्लै भेटघाट गर्नेछन्। भेटवार्ताको समय मिलाउने तथा व्यवस्था गरिएको समयभित्र भेटवार्ता गर्ने पक्षहरुका आफ्नै जिम्मेदारी हुनेछ। परिषदमा पेश गरिने जानकारीहरु प्रतिबन्ध अनुमोदनमा प्रभाव पार्न सक्ने आचरण सम्बन्धित भड्किने/भड्काउने वा साम्य पार्न पुगेका कारक–तत्त्वहरुमा सीमित रहनु पर्दछ। यि निर्देशनका सीमा भन्दा बाहिरका बयानहरु माथी विचार गरिने छैन।

परिषदका सदस्यहरुले वैयक्तिक समीक्षा तामील गर्ने तथा अन्तिम अनुसन्धानात्मक प्रतिवेदन समीक्षा गर्ने तथा सम्पूर्ण दस्तावेजको समीक्षा गर्ने र/वा आवश्यकता अनुसार OIEC का कर्मचारी, बिद्यार्थी आचरण तथा द्वन्द समाधान कार्यालय, वा आवश्यकता रहेमा विश्वविद्यालयका अन्य कोही कर्मचारी, संग प्रतिबन्ध अनुमोदनको निर्धारणका लागि परामर्ष गर्नेछन्।

प्रतिबन्ध अनुमोदन निर्णय सम्बन्धित कारक–तत्त्वहरु, उपयुक्त रहेनुसार, निम्न:

- आचरणको गंभीरता र/वा व्यापकता तथा घटनाको समायवस्थामा सो आचरण तीब्र भएको;
- शिक्षाबाट वंचित गरिनुले बिद्यार्थीमा पर्ने प्रभाव;
- यदि वादी(हरु) घटनाको समायावस्थामा असक्त रहेको अवस्था;
- दुई पक्ष बिचको सम्बन्ध लगायत एक पक्षको अर्को पक्षमाथी भए/रहेको नियन्त्रणको हद;
- बलपूर्वक/हिंसापूर्वक, हतियारको उपस्थितिमा, वा बल/हिंसाको धम्की रहे/नरहेको;
- सम्बन्धित अपराध, आचार, वा नीति उल्लंघनका कुनै इतिहास रहे/नरहेको;

• वादी(हरु)मा घटनाको असर;
• प्रतिवादी(हरु)ले घटनाको जिम्मेवारी स्वीकार गरेको; र/वा
• वादी(हरु) र/वा समुदायमा विद्यमान सुरक्षा जोखिम

प्रतिबन्ध अनुमोदन परिषदले सबै पक्षलाई, अनुमोदित प्रतिबन्ध तथा कुन आधारहरुमा अनुमोदन गरिएको विवरण खुलाई सूचना दिन लिखित (प्रतिवादी(हरु)लाई अनुमोदित प्रतिबन्धको सूचना तथा वादी(हरु)लाई जानकारी–पत्र) बक्तव्य प्रदान गर्नेछ। प्रतिबन्धमा निम्न मध्ये एक वा बढी समावेश हुन सक्नेछ:

i. चेतावनी/लिखित भर्त्सना: चेतावनी/लिखित भर्त्सनाको अर्थ अनुचित आचरण रहेको तथा त्यस्ता गलती पुन: भएको खण्डमा थप गम्भिर कारवाही गरिने सूचनाको, परिषद वा पदाधिकारीबाट जारी हुने लिखित बक्तव्य।

ii. शैक्षिक प्रतिबन्ध: बिद्यार्थिले कुनै कक्षा, मूल्याङ्कन, र/वा कार्यशालामा अनिवार्य हाजिर हुन (उदाहरणको लागि: मदिरा वा क्रोध व्यवस्थापन कक्षाहरु वा यौन दुराचार वा आरक्षित–वर्ग भेदभाव तथा उत्पीडन विषयक प्रशिक्षण)। उल्लेखित सूची विस्तृत नभई, प्रतिपादन हुने शैक्षिक प्रतिबन्धहरुका प्रकारहरुका सान्दर्भिक उदाहरण मात्र।

iii. उपचारात्मक र रक्षात्मक उपायका निर्देशक वा पदाधिकारीसंग भेट: प्रतिबन्ध अनुमोदनका सर्तहरु समीक्षा गर्न तथा पुन:भर्तीको योग्यता प्राप्त गर्नु अघि अनुपालन भए नभएको समीक्षा गर्ना, लागू भएनुसार, बिद्यार्थीले विश्वविद्यालय अधिकारीसंग भेटवार्ता गर्नुपर्ने।

iv. आवासीय हल पुनःस्थापना: कुनै एक आवसीय हलका निवासी बिद्यार्थीलाई क्याम्पस स्थित अन्य कुनै हलमा स्थानान्तर गरिने।

v. आवासीय हल समाप्ति: बिद्यार्थीको आवासीय हलको सम्झौतापत्र OIEC को प्रक्रिया अनुरुप खारेज गरिने, तथा सो बिद्यार्थीलाई विश्वविद्यालय स्थित कुनै पनि आवासमा , स्थायी वा अस्थायी रुपमा, बस्नबाट प्रतिबन्ध लगाईने। कुनै आवासीय हलहरुबाट वर्जित पनि गरिन सक्नेछ।

vi. परिक्षण अवधि: बिद्यार्थीलाई परीक्षणकालमा राखिने। परीक्षणकालको समायवधि हुन्छन्, तथा सेमेस्टर अनुसार लागू गरिन्छ। परिक्षणकालमा विश्वविद्यालयका कुनै पनि नीति वा परीक्षणकालका सर्तहरु उल्लंघन भएको/गरेको परिणाम स्वरुप थप अनुशासनिक कारवाही अघि बढाईने छ।

vii. प्रतिबन्ध वा विश्वविद्यालय सेवा वर्जन: विश्वविद्यालयका निर्दिष्ट सेवाहरु प्रयोगबाट बिद्यार्थीलाई प्रतिबन्धित वा वर्जित गरिने लगायत विश्वविद्यालयका कार्यक्रमहरुमा सहभागी हुनमा पनि प्रतिबन्ध लगाईने।

viii. प्रमाणपत्र जारी गर्नमा विलम्ब: बिद्यार्थीलाई डिग्रीको प्रमाणपत्र जारी गर्नमा केही समायवधिका लागि रोक लगाउने।

ix. आधिकारिक लिखित प्रति दिनबाट रोक्ने: उत्तीर्ण भइसकेका सो विद्यार्थीहरुका लब्धांकको लिखित प्रति दिनबाट निश्चित समयका लागि रोक्का गरिने।

x. निलम्बन: बिद्यार्थीले निश्चित अवधिका लागि विश्वविद्यालयबाट बाहिरिनु पर्नेछ। निलम्बन कार्यान्वयन अवधिसम्म तथा अन्य प्रतिबन्धहरु पूर्ण नभएसम्म विद्यार्थीको डिग्री लिखित प्रतिमा निलम्बनको संकेत अंकित रहनेछ। निलम्बन अवधि पश्चात विद्यार्थीले पुन:भर्तीको लागि आवेदन दर्ता गर्नुपर्ने हुन्छ। विश्वविद्यालयबाट निलम्बनको अर्थ विश्वविद्यालय हाताबाट पनि वर्जित गरिएको हुन्छ। निलम्बन निर्णय जारी भएपछि कोलोराडो विश्वविद्यालय प्रणालीका सबै क्याम्पसहरुबाट विद्यार्थी निलम्बित रहनेछ। निलम्बन अवधि समाप्ति पश्चात, विद्यार्थीलाई विश्वविद्यालय फर्किन ईच्छा रहेमा, भर्ना कार्यालयबाट पुन:भर्तीको लागि प्रक्रिया पुरा गर्नुपर्ने हुन्छ।

xi. वर्जित गरिने: बिद्यार्थीलाई पुरै विश्वविद्यालयभित्र वा केही स्थानहरुमा वर्जित गरिनेछ। विश्वविद्यालयमा बिद्यार्थीलाई वर्जित गरिएको अवस्थामा, सो बिद्यार्थीलाई विश्वविद्यालयमा सिमित समय र निर्दिष्ट क्रियाकलापका लागि, उपचारात्मक र रक्षात्मक विधि निर्देशक वा पदाधिकारीका अनुमतिमा मात्र, प्रवेश गर्न पाउनेछ। बिना अनुमति सो विद्यार्थीले प्रवेश गर्न आएमा, अतिक्रमणको आरोपमा प्रहरीको कारवाही हुने।

xii. निष्कासन: बिद्यार्थीले स्थायी रुपमा विश्वविद्यालय त्याग्नुपर्नेछ। विद्यार्थीको अभिलेखमा निष्कासनको टिपोट स्थायी रुपमा रहनेछ। विश्वविद्यालयबाट निष्कासित भए पश्चात विश्वविद्यालय हाताबाट पनि स्वतः निष्कासित हुनेछ। निष्कासन निर्णयको परिणाम स्वरुप सो विद्यार्थी कोलोराडो विश्वविद्यालयका सम्पूर्ण क्याम्पसबाट निष्कासित हुनेछ।

xiii. थप प्रतिबन्धहरु: मुद्दाको अवस्थामा आधार रहि वान्छित र उचित भएमा, थप प्रतिबन्ध जारी गर्ने परिषदको अधिकार रहन्छ।

## f. कर्मचारी प्रतिवादीहरुका प्रतिबन्ध अनुमोदन प्रक्रिया[12]

कुनै कर्मचारी प्रतिवादीले नीति उल्लंघन गरेको भेटिए वा अनुचित वा अव्यावसायिक रुपमा व्यवहार गरेको भेटिएमा OIEC का सह उपकुलपति वा पदाधिकारीले अनुशासन अधिकारीलाई सूचित गर्नेछन।

अनुसन्धानमाथीको कुनै पुनरावेदनका समाप्ति पश्चात वा पुनरावेदनको म्याद समाप्ति पश्चात (निष्कर्षको सूचना जारी भएको ५ दिन पछि, भाग H(६)(h)हेर्नुहोला) वादी(हरु) तथा प्रतिवादी(हरु) दुबैले सह उपकुलपति वा पदाधिकारीलाई भेटवार्ता गरि, प्रतिबन्धको अनुमोदनमा प्रभाव पार्न सक्ने कुनै, भए/गरेको आचरणलाई भड्काउन पुगेका वा साम्य बनाउन पुगेका परिस्थितिहरुको विवरण छलफल गर्ने अवसर पाउनेछन्। भेटवार्ताको समय मिलाउने तथा व्यवस्था गरिएको समयभित्र भेटवार्ता गर्ने जिम्मेदारी पक्षहरु स्वयंमको हुनेछ। वादी(हरु) वा प्रतिवादी(हरु)ले, वैकल्पिक माध्यम स्वरुप, भेटवार्ताको सट्टा लिखित विवरण OIEC सह उपकुलपति वा पदाधिकारीलाई पेश गर्न सक्नेछन्। सह उपकुलपति वा पदाधिकारीले सूचना जारी गरेको **सात (७) दिन भित्र** लिखित विवरण पेश गरिसक्ने वा भेटवार्ता गरिसक्नुपर्नेछ (पुनरावेदनको प्रक्रिया पुर्याए पश्चात वा पुनरावेदन समयसीमाको समाप्ति पश्चात)। पेश गरिने जानकारीहरु प्रतिबन्ध अनुमोदनमा प्रभाव पार्न सक्ने आचरण सम्बन्धित भड्किने/भड्काउने वा साम्य पार्न पुगेका कारक–तत्त्वहरुमा सीमित रहनु पर्दछ। यि निर्देशनका सीमा भन्दा बाहिरका बयानहरु माथी विचार गरिने छैन।

समाधान प्रक्रिया अन्तर्गत लागू हुने प्रतिबन्ध अनुमोदन विषयक भेटवार्ताले अन्य भेटवार्ता/बैठक, कर्मचारी प्रक्रिया अन्तर्गत आवश्यक हुने, का आवश्यकताहरुलाई बिस्थापित गर्ने छैन (उदाहरणहरु: वर्गीकृत कर्मचारीहरुका लागि राज्य कर्मचारी परिषद नीति(State Personnel Board Rules); पेशागत अधिकार तथा कर्तब्य प्रक्रियाहरु (Professional Rights and Duties procedures); संकायका लागि विशेषाधिकार तथा कार्यकाल प्रक्रियाहरु (Privilege and Tenure process for Faculty))।

भाग H(६)(e)मा देहाय बमोजिम कारक–तत्त्वहरु सम्मत लागू हुने प्रतिबन्ध अनुमोदनका काम–कारवाहीका सम्बन्धमा, OIEC का सह उपकुलपति वा पदाधिकारीले अनुशासनिक अधिकारीलाई औपचारिक सिफारिस प्रदान गर्नेछन्।

आरक्षित वर्ग भेदभाव र/वा उत्पीडन वा यौन दुराचारका असरहरुको उपचार हेतु, अनुशासनिक अधिकारीले प्रतिबन्धहरु लागू गर्नेछन्। अनुशासनिक अधिकारीले प्रतिबन्धको किसिम, मानव संसाधन अधिकारी प्रमुख वा पदाधिकारी, OIEC का सह उपकुलपति वा पदाधिकारी, तथा जानकार हुन अतिआवश्यक अन्य कुनै प्रशासनिक कर्मचारीसंग परामर्ष पश्चात, तय गरि लागू गर्नेछन्। नियुक्ति/अनुशासनिक अधिकारीको पनि अनुसन्धानत्मक अभिलेखमा पँहुच रहनसक्ने तथा समता अधिकारी(हरु)संग निर्धारण गरिएका कारवाही लागू गर्न परामर्ष गर्न सक्नेछन।

OIEC का सह उपकुलपति वा पदाधिकारीले दुबै पक्षहरुलाई एकै समयमा, संभव रहेसम्म, जारी गरिएका कुनै पनि प्रतिबन्धहरु, तथा कानूनले ईजाजत प्रदान गरेसम्म भेदभाव, उत्पीडन र/वा यौन दुर्व्यवहारहरुको उपचारार्थ चालिएका कदमहरुका विषयमा, जानकारी प्रदान गर्ने कोशिश गर्नेछन। OIEC को निष्कर्ष बावजूद, नियुक्ति अधिकारीले अन्य दुराचार वा अनुचित वा अव्यवसायिक आचरण, वा अन्य दुर्व्यवहारहरु (कर्मचारी सम्बन्धित) संबन्धित अनुशासनिक कारवाही रोक्का नगरिने।

समावेश हुन सक्ने संभावित प्रतिबन्धहरु:

i. अपेक्षा पत्र/भर्तसना: अपेक्षि वा भर्तसनाको लिखित चेतावनी पत्र, अनुशासनिक अधिकारीद्वारा सो आचरण अनुचित रहेको तथा सो उल्लंघन फेरि पनि दोहोरीन गएको अवस्थामा थप गम्भीर अनुशासनिक कारवाही गर्ने/गराउने विवरणको बक्तव्य हुनेछ।

---

[12] प्रतिवादी यदि बिद्यार्थी–कर्मचारी रहेको खण्डमा तथा आरोपित दुराचार रोजकारीको सिलसिला भन्दा बाहिर घटेको अवस्थामा, OIEC ले सो प्रतिवादीको तह भन्दा माथीको एक तह उच्च वरियताका सुपरभाईजरले मुद्दाको समाधानसंग सम्बन्धित जानकारीहरु थाहा रहनुपर्ने निर्धारण गर्न सक्नेछ।

ii. तालिमको अनिवार्यता: दुर्व्यवहारका प्रसंग सम्बन्धित शैक्षिक सत्र, प्रशिक्षण वा कार्यशालामा कर्मचारीले उपस्थिति जनाउन अनिवार्य हुन सक्ने।

iii. घटुवा: कर्मचारीको वर्तमान पदबाट घटुवा गरिने।

iv. कार्य–जिम्मेवारी संशोधन: अनुशासनिक अधिकारीले सो कर्मचारीको कार्य–जिम्मेवारीहरुमा हेर–फेर गर्न सक्नेछन्।

v. तलबमा कटौटी/पदोन्नती अयोग्य: स्थायी वा अस्थायी रुपमा कर्मचारीको तलब कटौटी, वा स्थायी वा अस्थायी रुपमा पदोन्नती योग्यता वृद्धि/ग्राहयतामा रोक्का गरिने।

vi. पुन: नियुक्तिको लागि अयोग्य: सो कर्मचारी विश्वविद्यालयमा रोजगारीको लागि पुन:नियुक्ति हुन अयोग्य हुने जाने।

vii. वर्जन: विश्वविद्यालयभरीका क्षेत्रभित्र वा निर्दिष्ट क्षेत्रभित्र प्रवेश वर्जित गरिने। विश्वविद्यालयमा कर्मचारीलाई वर्जित गरिएको अवस्थामा, सो कर्मचारीलाई विश्वविद्यालयमा सिमित समय र निर्दिष्ट क्रियाकलापका लागि, विश्वविद्यालय अधिकारी वा वर्जनको कारवाही लागू गराएका पदाधिकारीका अनुमतिमा मात्र, प्रवेश गर्न पाउनेछ। बिना अनुमति सो विद्यार्थीले प्रवेश गर्न आएमा, अतिक्रमणको आरोपमा प्रहरीको कारवाही हुने।

viii. रोजगारी करारपत्र खारेजी र/वा रोजगारीबाट निष्कासन: कर्मचारीको हैसियत अनुसार लागू हुने लागू–नीति तथा कानूनहरु अनुरुप, अनुशासनिक अधिकारीले सो कर्मचारीलाई रोजगारीबाट हटाउने सिफारिश गर्ने वा निष्कासन गरिने।

ix. थप प्रतिबन्धहरु: अनुशासनिक अधिकारीको अधिकारक्षेत्रमा मुद्दाको परिस्थिति अनुरुप यथोचित वा उपयुक्त रहेनुसार कुनै पनि किसिमका थप प्रतिबन्धहरु लागू गर्न/गराउन सक्षम रहनेछन्।

## g. बिद्यार्थी प्रतिवादीहरुका लागी पुनरावेदन

जाँच–पड्ताल वा प्रतिबन्धको निष्कर्ष, जे वा जुन लागू हुन्छ, पश्चात, वादी(हरु) वा प्रतिवादी(हरु)ले लिखितरुपमा पुनरावेदन दर्ता गर्न सक्नेछन्। सम्पूर्ण पुनरावेदनका अपिलहरु यो प्रारुपको अंशमा सुचीकृत प्रक्रिया अनुरुप दर्ता गरिएको हुनुपर्नेछ।

i. पुनरावेदन दर्ता विधी तथा समयसीमा – प्रतिबन्धको–सूचना जारी गरिएको (वा प्रतिबन्ध नलगाईएको अवस्थामा जाँच–पड्तालको निष्कर्षको सूचना पश्चात) मितीबाट पाँच (५) कार्यदिन भित्र, पुनरावेदनको दरखास्तहरु लिखितरुपमा (Associate Vice Chancellor of the OIEC) सहयोगी उपकुलपति OIEC वा पदाधिकारीलाई बुझाउनुपर्नेछ। पुनरावेदनको दरखास्तमा पुनरावेदनको तपसील आधार इंगित गरिएको हुनुपर्नेछ (तल पढ्नुहोला), सहायक कागजात तथा तर्कहरु, र पुनरावेदन दिने पक्षले समावेश गर्न चाहेका थप प्रासंगिक जानकारीहरु, समावेश गरिएको हुनुपर्नेछ। सम्पूर्ण पुनरावेदनहरु, अन्तरवार्ता नभई, कागजाती समीक्षामा सिमित रहने कुरा पुनरावेदनको निवेदन दिने पक्षले ध्यानमा राख्नुपर्नेछ। साधारणतया, पुनरावेदनका दरखास्तहरु पेश गरिएका कागजपत्रहरुको योग्यताका आधारमामात्र विचारणिय हुन्छन। त्यसै कारण, पेश गरिने कागजपत्रहरु संभव भएसम्म पूर्ण तथा संक्षिप्त हुन आवश्यक रहन्छ। सुरक्षाको आधार अनुकुल प्रतिबन्धको–सूचनामा निर्दिष्ट व्यहोरा खुलाईएको अवस्थामा बाहेक, सो मुद्दामा जारी गरिएका प्रतिबन्धहरु पुनरावेदनको निवेदन म्याद समाप्त भईसकेको र पुनरावेदनको निवेदन दर्ता नगरिएको अवस्थामा वा, म्याद भित्र पुनरावेदनको दरखास्त दर्ता गरिएको, पुनरावेदनको निवेदन स्वीकृत भएको अवस्था, जे जुन प्रक्रिया पहिलो भएको अवस्थामा, लागू भईसक्ने छैन।

ii. पुनरावेदनको आधार: पुनरावेदनको निवेदनमा निम्न मध्ये एक वा एक भन्दा बढी मापदण्ड अनुरुपको कारण(हरु) इंगित गरिएको हुनुपर्नेछ:

- प्रक्रियात्मक त्रुटीको कारण कुनै पक्षले उचित न्यायिक निर्णय पाउनमा बाधा पुगेको; वा
- उल्लंघनमा लगाईएको प्रतिबन्ध नीति–सम्मत (Applicable Policy)नरहेको

अनुसन्धानको क्रममा भेटिएको वा प्रस्तुत गर्ने संभावना नरहेको भन्ने, यथोचित दृढताका साथ, साबित गर्न सकेको अवस्थामा बाहेक, पुनरावेदन पक्षले कुनैपनि थप सबूत–प्रमाण प्रस्तुत गर्न पाउने छैन।

iii. पुनरावेदन प्रक्रिया तथा पुनरावेदन परामर्ष समिति: Associate Vice Chancellor of the OIEC सह उपकुलपति OIEC वा पदाधिकारीले अर्को पक्ष (वादी(हरु) वा प्रतिवादी(हरु)) लाई मूल उजुरी को खबर लिखितरुपमा गर्नेछन्, र सो पक्षलाई लिखितरुपमा पुनरावेदनको जवाफ फर्काउन **पाचँ (५) कार्यदिनको म्याद दिईनेछ**। जवाफी पत्राचार सह उपकुलपति OIEC (Associate Vice Chancellor of the OIEC) वा पदासिन अधिकारीलाई पठाउनु पर्नेछ। पुनरावेदनको निवेदनलाई प्रतिक्रिया दिने अपेक्षा कुनै पनि पक्षलाई रहन्न। पुनरावेदनको निवेदनलाई प्रतिक्रिया नदिईएको अवस्थामा पुनरावेदनको निवेदनप्रति सहमति रहेको भन्ने बुझिने छैन। सम्पूर्ण कागजातहरु पेश गरिसकिएको अवस्था वा पांच–दिने म्याद समाप्त भईसकेको अवस्थामा, OIEC सह उपकुलपति (Associate Vice Chancellor of the OIEC) वा पदाधिकारीले विश्वविद्यालयका थप दुई कर्मचारीहरु, (जो आनशुत्ज, डेन्भर, र कोलोराडो स्प्रिंग्स क्याम्पसका हुन सक्छन) जो CU Boulder स्थित OIEC संग असम्बन्धित हुनेछन्, तीन–ब्यक्ति सम्मिलित पुनरावेदन परामर्श समितिमा काम गर्नको लागी नियुक्त गर्ने छ। पुनरावेदन परामर्श समितिमा नियुक्त अधिकारीहरुले उपयुक्त नीति–नियमहरु तथा पुनरावेदन कार्यविधि सम्बन्धित प्रशिक्षण प्राप्त गरेका हुनेछन्।

iv. पुनरावेदन निर्णयहरु: पुनरावेदन दरखास्तको समीक्षा पश्चात OIEC सह उपकुलपतिले (Associate Vice Chancellor of the OIEC)निम्न परामर्षहरु विचार गर्न सिफारिश गर्न सक्नेछन्:

- प्रारंभिक निर्णय पुर्णरुपमा जस्ताको तस्तै कायम राखिराख्ने
- मुद्दालाई पुनर्विचार वा संभावित पुन:अनुसन्धान (सोही वा फरक अधिकारीहरुबाट) गर्न/गराउन फिर्ता पठाउने; वा
- असंगत प्रतिबन्धलाई घटाउने वा बढाउने

समितिका सदस्यहरुले सत्य–तथ्यका नयां सबूत–प्रमाणहरु पत्ता लगाउने काम गर्ने छैनन्। पेश गरिएका सम्पूर्ण कागजातहरु समितिले समीक्षा गर्ने, पुनरावेदनको निवेदनप्रति निर्णायक फैसला गर्ने, र साथसाथै, सम्पूर्ण दस्तावेजहरु प्राप्त गरिसकिए पश्चात, सबै पक्षलाई पुनरावेदनको फैसलाको (Notice of Appeal Decision) सूचना पन्ध्र (१५) कार्यदिन भित्र लिखितरुपमा प्रदान गरनेछ।

### h. कर्मचारी प्रतिवादीहरुका लागी पुनरावेदन

अनुसन्धानको समाप्ति पश्चात, वादी(हरु) वा प्रतिवादी(हरु) ले अनुसन्धानको निष्कर्षप्रति लिखितरुपमा पुनरावेदन निवेदन दर्ता गर्न सक्नेछन। सम्पूर्ण पुनरावेदनका अपिलहरु यो प्रारुपको अंशमा सुचीकृत प्रक्रिया अनुरुप दर्ता गरिएको हुनुपर्नेछ। प्रतिबन्ध पुनरावेदनको कुनै पनि अधिकार, कर्मचारीलाई उपलब्ध भएको अवस्थामा, पुनरावेदन प्रक्रिया अनुरुप हुनेगरि व्यवहार गरिनुपर्नेछ, जस्तो: राज्य कर्मचारी नियमहरु(State Personnel Rules) वा विषेशाधिकार तथा कार्यकाल (Privilege and Tenure) विषयक संकाय सेनेट समिति(Faculty Senate Committee)को सामु हुने कारवाही संबन्धि नियमहरु। यो खण्डको कुनैपनि अंश कर्मचारी सम्बन्धित प्रतिबन्ध पुनरावेदनको अधिकार सृजना गर्ने हेतु, कानून वा विश्वविद्यालय नीति नियमले व्यवस्था गरेको अवस्थामा बाहेक, पढिनु वा बुझिलिनु उपयुक्त हुनेछैन।

i. पुनरावेदन निवेदन दर्ता प्रक्रिया तथा म्याद: अन्वेषणको–सूचना जारी गरिएको मितीबाट पाँच (५) कार्यदिन भित्र, पुनरावेदनको दरखास्तहरु लिखितरुपमा Associate Vice Chancellor of the OIEC (सह उपकुलपति OIEC) वा पदाधिकारीलाई बुझाउनुपर्नेछ। पुनरावेदनको दरखास्तमा पुनरावेदनको तपसील आधार इंगित गरिएको (तल पढ्नुहोला), सहायक कागजात तथा तर्कहरु, र पुनरावेदन दिने पक्षले समावेश गर्न चाहेका थप प्रासंगिक जानकारीहरु, समावेश गरिएको हुनुपर्नेछ। सम्पूर्ण पुनरावेदनहरु, अन्तरवार्ता नभई, कागजाती समीक्षामा सिमित रहने कुरा पुनरावेदनको दिने पक्षले ध्यानमा राख्नुपर्नेछ। साधारणतया, पुनरावेदनका दरखास्तहरु पेश गरिएका कागजपत्रहरुको योग्यताका आधारमामात्र विचारणिय हुन्छन। त्यसै कारण, पेश गरिने कागजपत्रहरु संभव भएसम्म पूर्ण तथा संक्षिप्त हुन आवश्यक रहन्छ।

viii.

ii. पुनरावेदनको आधारहरु: पुनरावेदनको एकमात्र आधार:

- प्रक्रियात्मक त्रुटीको कारण कुनै पक्षले उचित अनुसन्धान पाउनमा बाधा पुग्नु

ix.

x. निवेदनमा, अनुसन्धानको क्रममा भेटिएको वा प्रस्तुत गर्ने संभावना नरहेको भन्ने, यथोचित दृढताका साथ, साबित गर्न सकेको अवस्थामा बाहेक, पुनरावेदन पक्षले कुनैपनि थप सबूत–प्रमाण प्रस्तुत गर्न पाउने छैन।

iii. पुनरावेदन प्रक्रिया तथा पुनरावेदन परामर्ष समिति: Associate Vice Chancellor of the OIEC सह उपकुलपति OIEC वा पदाधिकारीले अर्को पक्ष (वादी(हरु) वा प्रतिवादी(हरु)) लाई मूल उजुरी को खबर लिखितरुपमा गर्नेछन्, र सो पक्षलाई लिखितरुपमा पुनरावेदनको जवाफ फर्काउन पाचँ (५) कार्यदिनको म्याद दिईनेछ। निवेदनको जवाफी पत्राचार सह उपकुलपति OIEC (Associate Vice Chancellor of the OIEC) वा पदाधिकारीलाई पठाउनु पर्नेछ। पुनरावेदनको निवेदनलाई प्रतिक्रिया दिने अपेक्षा कुनै पनि पक्षलाई रहन्न। पुनरावेदनको निवेदनलाई प्रतिक्रिया नदिईएको अवस्थामा पुनरावेदनको निवेदनप्रति सहमति रहेको भन्ने बुझिने छैन। सम्पूर्ण कागजातहरु पेश गरिसकिएको अवस्था वा पांच–दिने म्याद समाप्त भईसकेको अवस्थामा, OIEC सह उपकुलपति (Associate Vice Chancellor of the OIEC) वा पदाधिकारीले विश्वविद्यालयका थप दुई कर्मचारीहरु, (जो आनशुत्ज, डेन्भर, र कोलोराडो स्प्रिंग्स क्याम्पसका हुन सक्छन) जो CU Boulder स्थित OIEC संग सम्बन्ध नरहेका हुनेछन्, तीन–ब्यक्ति सम्मिलित पुनरावेदन परामर्श समितिमा काम गर्नको लागी नियुक्त गर्ने छ। सह उपकुलपति OIEC (The Associate Vice Chancellor of the OIEC) वा पदाधिकारी पुनरावेदन परामर्ष समितिका अध्यक्ष रहेका छन्।

iv. पुनरावेदन निर्णयहरु: पुनरावेदन दरखास्तको समीक्षा पश्चात OIEC सहयोगी उपकुलपतिले (Associate Vice Chancellor of the OIEC)निम्न परामर्षहरु विचार गर्न सिफारिश गर्न सक्नेछन्:

• प्रारंभिक निर्णय पुर्णरुपमा जस्ताको तस्तै कायम राख्ने तथा अनुशासनिक अधिकारीलाई प्रतिबन्धको लागी सुम्पिने, जायज भएको अवस्थामा; वा
• मुद्दालाई पुनर्विचार वा संभावित पुन:अनुसन्धान (सोही वा फरक अधिकारीहरुबाट) गर्न/गराउन फिर्ता पठाउने

xi.

xii. समितिका सदस्यहरुले सत्य–तथ्यका नयां सबूत–प्रमाणहरु पत्ता लगाउने काम गर्ने छैनन्। पेश गरिएका सम्पूर्ण कागजातहरु समितिले समीक्षा गर्ने, पुनरावेदनको निवेदनप्रति निर्णायक फैसला गर्ने, र साथसाथै, सम्पूर्ण दस्तावेजहरु प्राप्त गरिसकिए पश्चात, सबै पक्षलाई पुनरावेदनको फैसलाको (Notice of Appeal Decision) सूचना पन्ध्र (१५) कार्यदिन भित्र लिखितरुपमा प्रदान गरनेछ।

## 7. अनौपचारिक समाधान/प्रस्तावहरु:

समस्या संबोधन गर्ने छिटो–छरितो तथा प्रभावशाली पद्धति अनौपचारिक समाधानको बाटो रहेको भन्ने OIEC ले निर्धारण गर्न सक्नेछ। उदाहरणको लागि: यदि तथाकथित व्यवहार, सत्य नै भएपनि, उचित नीति अन्तर्गत सो आचरणलाई प्रतिबन्धित व्यवहार नमानिने अवस्थामा OIEC ले कुनै एक उजुरी वा खबरलाई अनौपचारिक समाधानको उपायबाट सुल्झाउन सक्नेछ। अनौपचारिक समाधानको दौरानमा सबै पक्षको हित तथा क्याम्पस समुदायको सुरक्षाको विषय प्रधान रहन्छ, तर कुनै लिखित उजुरी संलग्न नभएको वा नीति उल्लंघन भए नभएको निश्चित नभईसकेको अवस्थामा। यस्तो खाले तरिकाले विश्वविद्यालयलाई "उपचार–आधारित" समाधानका विकल्पहरु प्रदान गर्दछ, जसले गर्दा विश्वविद्यालयले घटनाका विशेष तथ्यहरु र परिस्थितिहरुप्रति उपयुक्त प्रतिक्रियाहरु विकाश गर्ने मौका प्रदान गर्दछ, विशेषगरी ब्यक्ति विशेष वा क्याम्पस समुदायमा जटिल खतरा ननिम्त्याउने घटनाहरुमा। त्यस्ता घटनाहरुमा OIEC ले निम्न मध्ये एक वा कुनै प्रक्रिया अपनाउन सक्दछ:

• वादी(हरु) वा प्रतिवादी(हरु)लाई अन्तरिम वा दीर्घकालिन समाधानका विकल्पहरु प्रदान गर्ने;
• घटनाका विशेष व्यहोरा/तथ्यहरुमा उपयुक्त हुने, क्याम्पस–स्थित उचित वैकल्पिक समाधानका प्रक्रियाहरुको सिफारिश दिईनेछ
• लक्षित वा विस्तृत शैक्षिक कार्यदिशा वा प्रशिक्षण प्रदान गरिने; र/वा
